महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट् सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं.-६३२

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक ।

कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यस गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.४ करोड ६४ लाख १६ हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.१ करोड ६७ लाख २१ हजार फछ्र्यौट् भई रू.२ करोड ९६ लाख ९५ हजार बेरुजु बाँकी रहेको छ। बाँकी बेरुजू मध्ये असुल गर्नुपर्ने रू.९४ लाख ४० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ७८ लाख ३० हजार, नियमित गर्नुपर्ने रू.२४ लाख २५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.५ करोड २७ लाख ७९ हजार बेरुजू बाँकी रहेकोमा आ.व.०७६।०७७ को बक्यौता लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रु.४१ लाख ८४ हजार रहेको तथा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.७ करोड ६५ लाख १२ हजार रहेको छ ।पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
६६	४२	४६४१६	०	६	१६७२१	६६	३६	२९६९५	९४४०	२४२५	१७८३०	०	०	२०२५५	०

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	स्थानीय तह	आ.व.०७५।०७६ सम्मको बाँकी बेरुजु	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	आ.व.०७६।०७७ को लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सिन्धुपाल्चोक	पाँचपोखरी थाङपाल गाउँपालिका	५२७७९	०	१०१४६	४२६३३	४१८४	२९६९५	७६५१२

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक , पाँचपोखरी थाङपाल गाउँपालिका , सिन्धुपाल्चोक

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Dinesh Kumar Pokharel	२०७८-१-२८	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	Sunil Niraula	२०७६-११-२८	२०७८-१-२७
लेखा प्रमुख	Bikram Paneru	२०७६-८-५	
		बेरुजु रकम	४६,४१६,०६४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		८,०२,७८,११३.९७	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३८,५३,८५,७०२	चालु खर्च	२७,१७,२९,२५३.१८
प्रदेश सरकारबाट अनुदान	१२,३०,०६,०००	पूँजीगत खर्च	२८,९९,९७,४८८.३९
राजश्व बाँडफाँट	८,९९,७७,८८९.८	वित्तीय/अन्य व्यवस्था	२०,५३,९२,७७६.४५
आन्तरिक आय	७३,४३,७८४.३१		
अन्य आय	१४,९९,८५,४५१.९		
कुल आय	७५,५६,९८,८२८.०१	कुल खर्च	७६,७१,१९,५१८.०२
बाँकी मौज्दात		६,८८,५७,२३४.९६	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**लेखापरीक्षण र सिमा** उल्लिखित आर्थिक कारोबारकोलेखापरीक्षण ऐन २०७५ को दफा ४ तथा स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०७८ अनुसार नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमको अधिनमा रहि कार्यालयबाट पेश गरिएको वार्षिक कार्यक्रम लगायतका कागजात तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन प्रतिनिधित्व पत्र समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुको सम्बन्धमा पालिका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल सम्पन्न गरि कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या 8, पालिका सभा सदस्य 40, जनसंख्या 20978 जना र क्षेत्रफल 187.89 वर्ग किलोमिटर रहेकोछ ।	
३			**वित्तीय विवरण** **स्थानीय सचित** कोष अर्थिक वर्ष २०७७/ ०७८ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।	

विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		६५७१०२३२०.२	७५५६९८८२८.०१		७५५६९८८२८.०१
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		६३२५००६९२	६०५७१३३७६	०	६०५७१३३७६.११
११००० कर	११	१०४०२४९९०	८९९७७८८९.८	०	८९९७७८८९.८
१३००० अनुदान		५२२१७५७०२	५०८३९१७०२	०	५०८३९१७०२.
संघीय सरकार	१२	३९९१६९७०२	३८५३८५७०२	०	३८५३८५७०२.

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
			प्रदेश सरकार	१२	१२३००६०००	१२३००६०००	०	१२३००६०००.		
			१४००० अन्य राजस्व		६३०००००	७३४३७८४	०	७३४३७८४.३१		
			ख. अन्य प्राप्ति		२४६०१६२८.२	१४९९८५४५१.९		१४९९८५४५१.९		
			वितरण गर्न बाकी राजस्व		०		०	०.		
			कोषहरु		२४६०१६२८.२	३९११९९९३.१९	०	३९११९९९३.१९		
			धरौटी		०	१०७८३४०८	०	१०७८३४०७.७१		
			संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	१०००८२०५१	०	१०००८२०५१.		
			भुक्तानी (ग+घ)		७३०५८७४२०.५८	६८३२४२७८२.१२		६८३२४२७८२.१२		
			ग. भुक्तानी (सञ्चित कोषबाट)		७०५९८५७९२.३८	५६१७२६७४१.५७		५६१७२६७४१.५७		
			२१००० पारिश्रमिक / सुविधा	१८	१७५४१४०००	१४७९११९११.६५	०	१४७९११९११.६५		
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	१६०९१८५६२.९५	१२४५२९७२२.९७	०	१२४५२९७२२.९७		
			२५००० सहायता (Subsidy)	१८	०	०	०	०.		
			२६००० अनुदान	१८	०	०	०	०.		
			२७००० सामाजिक सुरक्षा	१८	१४५२१०००	१४२८०५७२	०	१४२८०५७२.		
			२८००० अन्य खर्च	१८	४७४२०६१	३२७५२८२	०	३२७५२८१.७७		
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३५०३९०१६८.४३	२७१७२९२५३.१८	०	२७१७२९२५३.१८		
			घ. अन्य भूक्तानी		२४६०१६२८.२	१२१५१६०४०.५५		१२१५१६०४०.५५		
			कोषहरु		२४६०१६२८.२	२०७०८२१४.५५	०	२०७०८२१४.५५		
			धरौटी		०	७२५७७५	०	७२५७७५.		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	१०००८२०५१	०	१०००८२०५१.	
			कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			०.		०.	
			ङ. यो वर्षको बचत (न्युन)		-७३४८५१००.३८	७२४५६०४५.८९		७२४५६०४५.८९	
			च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			80278113.97		८०२७८११३.९७	
			वर्षान्तको बाकी रकम (ङ + च)		-७३४८५१००.३८	१५२७३४१५९.८६		१५२७३४१५९.८६	
			म्यानुअल चेकबाट निकासा फिर्ता भएको रकम			83876735.9		८३८७६७३५.९	
			यथार्थ बाँकी रकम			68857423.96		६८८५७४२३.९६	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४			**वित्तीय विवरणको विश्लेषण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्ः · कोष तथा लेखा नियन्त्रण कार्यालयले सिंग्यासमार्फत निकासा हुने शिर्षकहरु एकिकृत पूर्वाधार विकास कार्यक्रयम, पूर्वाधार विकास साझेदारी कार्यक्रम, स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम, गरिवसँग विश्वेश्वर लागतको आन्तरिक लेखापरीक्षण प्रतिवेदन तथा प्रमाण आर्थिक विवरण पालिकामा लेखापरीक्षण अविधिसम्म पनि उपलब्ध नगराएकोले पालिकाबाट प्राप्त आन्तरिक लेखापरीक्षकको प्रमाणित प्रतिवेदनको आधारमा एकीकृत वित्तीय विवरण प्रस्तुत गरिएको छ । · कोष तथा लेखा नियन्त्रकार्यालयबाट पालिकाको संचितकोषमा निकासा हुने संघ तथा प्रदेश सरकार समानीकरण अनुदान, शर्सत अनुदान, समपुरक अनुदान तथा विशेष अनुदानको प्रमाणित निकासा लेखापरीक्षण अवधि २०७८।१०।१५ सम्मपनि पालिकालाई उपलब्ध नगराएको कारण पालिकाको आन्तरिक लेखापरीक्षकले प्रमाणि गरेको आधारमा एकीकृत वित्तीय विवरणमा समावेश गरी प्रस्तुत गरीएको छ । आर्थिक वर्ष समाप्त भएको ७ महिना सम्म पनि निकास प्रमाणित नगर्नुको कारण स्पष्ट हुन सकेन । जसबाट कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा प्रमाणि तथा पालिकाले आम्दानी बाँधेको रकममा फरक परे नपेको सम्बन्धमा यकिन गर्न सकिएन् । तसर्थ निकासा प्रमाणित गरी पालिकामा पेश नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ । · पालिकाको म.ले.प.फा.नं.२७२ मा संचितकोषको प्राप्ति रु.६०३२४५४१९.८० मात्र देखाएकोमा पालिकाको आान्तरिक लेखापरीक्षकले प्रमाणित गरेको निकासा आम्दानी अनुसार संघीय सरकार अनुदान रु.३८५३८५७०२, प्रदेश सरकार अनुदान रु.१२३००६०००, राजस्व बाँडफाड रु.८९९७७८८९.८ र अन्य राजस्व रु.७३४३७८४ समेत रु.६०५७१३३७६ हुने देखिन्छ । जसअनुसार सुत्रमा भन्दा पालिकाले पेश गरेको आर्थिक विवरणमा रु.२४६७९५६ बढी आम्दानी बाँधेको देखिन्छ । · सुत्रले तयार गरेको म.ले.प.फा.२७२ मा संघ प्रदेश सरकारका अन्य कार्यक्रम तर्फ शुन्य मौज्दात देखाएकोमा पालिकाले पेश गरेको प्रमाणित आर्थिक विवरण अनुसार रु.१४९९८५४५१.९० देखाएको छ । साथै सुत्रमा धरौटी तथा संघ प्रदेश सरकारबाट प्राप्त आम्दानी शुन्य देखाएको छ । जसबाट सुत्रले तयार गरेको वित्तीय प्रतिवेदनले पालिकाको आर्थिक कारोबारको यथार्थता चित्रण गरेको देखिएन । · म.ले.प.फा.नं.२७२ को अनुसूची २१ मा फिर्ता गर्न बाँकी रकम फिर्ता गरी हिसाव समायोजन गरेको छ । · सुत्रले तयार गरेको म.ले.प.फा.नं.२७२ को अल्या मौज्दात रु.२००१०२७८ देखाएकोमा पालिकाले प्रमाणित गरेको वित्तिय विवरणमा रु.८०२७८१११३.९७ देखाएकोले सोही अनुसार हिसाव समायोजन गरी प्रस्तुत गरिएको छ । · म.ले.प.फा.नं.२७२ अनुसार प्रकोप व्यवस्थापन तर्फ भुक्तानीमा कट्टी भएका कर रकम रु.२२२५१२९.८७ देहाएकोमा उक्त रकम संचितकोष दाखिला गरी शुन्य कायम गरेकोले सोही अनुसार हिसाब समायोजन गरी प्रस्तुत गरेको छ । · सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को बैक बाँकी रु.१३४५११७२६.५० देखाएकोमा उपरोक्त अनुसारको हिसाब समायोजन गर्दा यस वर्षको बाँकी रु.१५२७३४१५९.८६ मा सुत्र भन्दा बाहिर चेक जारी गरी संघ तथा प्रदेश सरकारको खर्च नभई बचत रहेको आर्थिक वर्ष २०७६।७७ र २०७७।७८ को रु.८३८७६७३५.९० घटाउँदा खुद बाँकी रु.६८८५७४२३.९६ मात्र हुने देखिन्छ । पालिकाले सोही अनुसार हिसाब समायोजन गरी पेश गरेको छ । · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको पुर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**लेखापरीक्षण क्रममा असूली** लेखापरीक्षणको क्रममा दुईजना कर्मचारीको दोहोरो प्रोत्साहन भन्ता रु.२७०७२, बढी निकासा रु.३६२५३ र भाडा रकम रु.१६०० गरी रु.६४९२५ असूल भई सम्बन्धित खातामा दाखिला भएको छ ।	
६			**यातायात सुविधा बढी भूक्तानी** स्थानीय तहको पदाधिकारी सेवा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ क अनुसार गाउँकार्यपालिका वडा सदस्यले प्रति महिना रु.२५०० का दरले वर्षभरी रु.३०००० र वडा सदस्यले प्रति महिना रु.२००० का दरले वर्षभरी रु.२४००० यातायात खर्च पाउने व्यवस्था छ। तर कार्यालयले गो.भौ.२०३ र ५९८ बाट कार्यपालिका सदस्य तथा वडा सदस्यलाई क्रमश वर्षभरीमा जम्मा रु.३५०००, वडा सदस्यलाई रु.२८००० भूक्तानी दिएकाले बढी भूक्तानी भएको यातायात खर्च ६ जना कार्यपालिका सदस्यको रु.५००० का दरले र २१ जना वडा सदस्यहरुको रु.४००० का दरले टअसुल गरी गाउँपालिका संचितकोषमा दाखिला गर्नुपर्ने देखिएको रु.	११४,०००
७			**पदाधिकारी पोशाक खर्च** स्थानीय तहको पदाधिकारी तथा सदस्यको सेवा, सुविधा सम्बन्धी ऐन, २०७५ मा स्थानीय तहका पदाधिकारीहरुलाई पोशाक खर्च दिईने व्यवस्था उल्लेख छैन। तर पालिकाले गो.भौ.६५२ बाट ३७ जना पदाधिकारीलाई पोशाक खर्च बापत रु.३७०००० भूक्तानी गरेको छ। पदाधिकारीहरुलाई ड्रेस कोड निर्धारण नगरी बितरण भएको पोशाक खर्च नियमित देखिएन । पोशाक खर्च बितरण गर्नुपुर्व गाँउसभाले पदाधिकारीहरुको लागि ड्रेस कोड समेत निर्धारण गरेको देखिएन ।	३७०,०००
८			**विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले खाना, खाजा, अथिति सत्कार बापत विविध खर्च खाताबाट रु.१८ लाख ८३ हजार, विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको अतिथि सत्कार खर्च खाताबाट रु.२ लाख ८६ हजार र सभा संचालन खर्च शिर्षकबाट रु.२ लाख ९६ हजार जम्मा रु.२४ लाख ६५ हजार खर्च गरेको छ।यस्तो खर्चमा मितव्ययिता अपनाउनुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>आर्थिक सहायता
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको छैन। तर कार्यालयले चालु खर्च तर्फको आर्थिक सहायता कोष खर्च शिर्षकबाट "आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४" निर्माण गरी प्राकृतिक मानवीय विपत्ति प्रभावित, न्यून आय भएका दीर्घरोगी, अप्रत्यसित घटनामा अंग, भंग भएका आदि व्यक्तिहरुलाई आर्थिक सहायता बापत रु.९लाख ९८ हजार खर्च लेखेको छ।उक्त कार्यविधि अनुसार गाउँपालिका अध्यक्षज्यूको तोक आदेशबाट रु. २० हजार सम्म र कार्यपालिकाको निर्णय अनुसार रु.६० हजार सम्म आर्थिक सहायता दिन सकिने व्यवस्था उल्लेख छ। तर पालिकाले सोको कार्यविधि वपिरीत गो.भौ.२३२ र २३४ बाट २ जना व्यक्तिहरुलाई रु.१\१ लाख आर्थिक सहायता भूक्तानी गरेको छ। पालिकाले आफ्नो वित्तीय स्रोत, साधनलाई उत्पादकत्व, रोजगारी, आय तथा पुँजीगत निर्माण वृद्धि हुने क्षेत्रमा उपयोग गर्नुपर्दछ।आर्थिक सहायता दिनै परेमा सामाजिक संरक्षण आवश्यक पर्ने जोखिमयुक्त व्यक्ति पहिचान गरी कार्यविधि अनुरुप मात्र यस्तो खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>पेश्की बाँकी
आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फर्छ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई बेरुजू नमानिने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार देहाय अनुसार पेश्की रकम २०७७।७८ को आर्थिक वर्षको अन्तसम्ममा देहाय अनुसार फर्छ्यौट नभई बाँकी रहेको देखिन्छ ।
<table>
<tr><th>गोभौ</th><th>वापत</th><th>निर्माण व्यवसायी</th><th>म्याद ननाधेको पेश्की रकम</th></tr>
<tr><td>५६।२०७७।०८।२२</td><td>पालिका भवन निर्माण</td><td>वल्ड वाईड कन्ट्रक्सन</td><td>३७०२५८१</td></tr>
</table></td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>जिन्सी
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ को दफा २६ को उपदफा ४ मा कार्यालय प्रमुखले प्राप्त जिन्सी सामानहरुको मुल्य खुलाई अभिलेख राख्नुपर्ने र तोकीएको समय भित्र जिन्सीको विवरण महालेखा नियन्त्रक कार्यालयलाई पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयको विभिन्न निकायबाट हस्तान्तरण भएका जिन्सी सामानहरुको मुल्य खुलाई अभिलेखिकरण गरी सोको विवरण तथा प्रतिवेदन तालुक निकायमा पठाएको देखिएन् । अत ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२			**सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।	
१३			**ठेक्का अभिलेख** सार्वजनिक निकायले ठेक्का बन्दोबस्त गरि निर्माण गरेको कार्यहरुको विवरण स्पष्ट देखिने गरी ठेक्का अभिलेख खाता महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा तयार गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ । यस कार्यालयले यस वर्ष र गत विगत वर्षमा ठेक्का व्यवस्थापन गरेकोमा स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको ढाँचामा ठेक्का अभिलेख राखेको पाईएन । जसबाट एक भन्दा बढी रनिङ बिल भुक्तानी तथा बहुवर्षीय योजनाको एकीकृत भुक्तानी अभिलेख प्राप्त हुन सकेन । तसर्थ तोकिएको ढाँचामा ठेक्का अभिलेख राख्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।	
१४			**खरिद योजना** सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकीएको सिमाको भन्दा बढी रकमको खरिद गर्दा तोकीए बमोजिम खरिद गुरुयोजना तथा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वार्षिक खरिद योजना तथा खरिद गूरुयोजना तयार गरेको नदेखिएकोले पालिकाले वर्ष भरी के कति परिमाणमा खरिद कार्य गर्ने तथा कुन खरिद विधि अपानाउने लगायतका महत्वपूर्ण पक्षहरु सहितको योजना नहुदाँ कार्यालयले आवश्यकता बमोजिम खरिद गर्दै गएकोले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार सिमा नाघ्न गई खरिद प्रकृयामा सबैलाई समान सहभागी हुने अवसर सुनिश्चित भएको नदेखिएकोले कार्यालयले खरिद व्यवस्थापनमा विशेष ध्यान दिनुपर्दछ ।	
१५			**मौजुदा सुची** सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ क बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा ४, दफा ४१ को उपदफा १ को खण्ड क र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपुर्तीकर्ता, निर्माण व्यवसायि, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १० को उपदफा २ बमोजिम योग्यताको आधारमा छुट्टाछुट्टै सुची तयार गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले उपरोक्त अनुसार मौजुदा सुची तयार गरेको देखिएन् । जसबाट योग्यता नपुगेको तथा क्षमता नभएकोबाट गुणस्तरिय सेवा प्रवाह नहुन सक्ने अवस्था देखिएकोले पालिकाले तोकीए अनुसार मौजुदा सूची तयार गरी खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	

१६ क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आन्तरिक नियन्त्रण स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना तयार गरेको पाईएन। • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको कार्यक्रमगत तथा एकीकृत प्रगति तयार गरेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कार्यालयको जिन्सी खाता बमोजिम रु २२ लाख ७६ हजार मुल्यको ४१ थान ल्यापटप रहेकोमा सम्बन्धितलाई बुझाएको सहायक जिन्सी खाता राख्ने गरेको देखिएन । • मूल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा भुक्तानीको जानकारी मात्र दिएको तथा इ टी डि एस नगरेको पाइयो। • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर सहितको तेरिज बनाई कार्यालय प्रमुख तथा निजले तोकेको कर्मचारीबाट प्रमाणीत तथा भुक्तानी भएको छाप लागाउने गरेको पाईएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, 2049 वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा खर्च लेखेको पाईयो । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**चौमासिक खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्विन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयलाई चौमासिक लक्ष्य तोकीए आए अनुसार चैमासिक प्रगित विवरण तयार गरेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष पुजिगतर्फ रु.२७२७२९२५३ खर्च गरेकोमा प्रथम चौमासिकमा रु.६००८०७६० अर्थात कुल खर्चको तुलनामा २२ प्रतिशत, दोस्रो चौमासिकमा रु.९१७०६२३२ अर्थात कुल खर्चको तुलनामा ३४ प्रतिशत र तेस्रो चौमासिकमा रु.११९९४२२५९ अर्थात कुल बजेट खर्चको ४४ प्रतिशत खर्च गरेको छ । जसमध्ये असार महिनामा मात्र रु.५११३८५५६० अर्थात कुल खर्चको तुलनामा १९ प्रतिशत खर्च गरेको छ । तसर्थ आर्थिक वर्षको अन्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । साथै नियमावलीको व्यवस्था अनुसार पालिकाले त्रैमासिक लक्ष्य सहितको कार्यक्रम स्वीकृत गरी अख्तियारी दिने र सोही अनुसार खर्च र प्रगति विवरण विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
१८			**अवण्डा** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले कार्यपालिका र वडा समितिबाट निर्णय भए अनुसार खर्च गर्नेगरी यो बर्ष अध्यक्षसँग जनता कार्यक्रमा रु.५० लाख, उपाध्यक्षसँग समृद्ध कार्यक्रममा रु.३० लाख र पालिका समपुरकमा रु.१ करोड ४९ लाख २९ हजार गरी कुल रु.२ करोड २९ लाख २९ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम विभिन्न मितिमा कार्यपालिकाबाट निर्णय गरी गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	
१९			**योजना तर्जुमा** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगतमध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयनगर्ने तर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०			**योजना कार्यान्वय** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष पालिकाले पुँजीगततर्फ रु.१ लाख देखि रु.३ करोड ८४ लाखसम्मका १३७ वटा योजनाहरुको कार्यान्वयन गरी रु.१५ करोड १९ लाख ६२ हजार खर्च गरेको छ । जस मध्ये रु.५ लाख भन्दा मुनिका मात्र ६१ वटा योजनाहरु रहेका छन् भने रु.५० लाख भन्दा माथीका ५ वटा मात्र योजना रहेका छन् । यसरी स—साना तथा छरिएर रहेका योजनाहरुले दीगो तथा टिकाउ विकासको लक्ष्य हासिल गर्न सक्ने अवस्था देखिदैन् । साथै जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च हुने र निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिई रणनितिक महत्वका योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**क्षेत्रगत बजेट** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । मुख्य क्षेत्र / वार्षिक वजेट / खर्च रकम / कुल खर्च मध्ये प्रतिशत सामाजिक विकास क्षेत्र / २९०२५१७०२ / २६५२३०८५४ / ४७.२० पूर्वाधार विकास क्षेत्र / १९५२९७९८२ / १५१९६२२०० / २७.०४ कार्यालय संचालन तथा प्रशासनीक / ११०२९५२६२ / ७४६६७३१६ / १३.२९ आर्थिक विकास / ९३७४६८४५ / ५४८९१८५५ / ९.७७ सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र / १६३९४००० / १५२१२२४३ / २.७१ जम्मा / ७०५९८५७९२ / ५६१९६४४६९ / १०० उपर्युक्त विवरण अनुसार पालिकाको सभाबाट विनियोजन बजेटमध्ये कुल खर्चको तुलनामा सबैभन्दा बढी सामाजिक विकास श्रेत्रमा ४७.२० प्रतिशत र सबैभन्दा कम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा २.७१ प्रतिशत खर्च रहेको छ ।अतः पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ	
२२			**प्रगति विवरण** कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरी तालुक निकायहरुमा पेश गर्नुपर्दछ । तर पालिकाले तोकीए अनुसार प्रगति विविरण तथा प्रतिवेदन तयार गरेको देखिएन् । तसर्थ प्रगति विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
सामाजिक विकास क्षेत्र	२९०२५१७०२	२६५२३०८५४	४७.२०
पूर्वाधार विकास क्षेत्र	१९५२९७९८२	१५१९६२२००	२७.०४
कार्यालय संचालन तथा प्रशासनीक	११०२९५२६२	७४६६७३१६	१३.२९
आर्थिक विकास	९३७४६८४५	५४८९१८५५	९.७७
सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र	१६३९४०००	१५२१२२४३	२.७१
जम्मा	७०५९८५७९२	५६१९६४४६९	१००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी सून्य रहेको र यो बर्ष ६९ विवाद दर्ता भएकोमा ३ वटा मात्र फछ्र्यौट गर्न बाँकि देखिन्छ ।	
२४			**रकमान्तर** क) रकमान्तरः पालिकाले शुरु वजेट तथा कार्यक्रममा समावेश २९ योजनाहरुमा स्विकृत वजेट रकम कार्यपालिकाको बिभिन्न मितिको निर्णयबाट अन्यत्र योजनामा रकमान्तर गरी रु २ करोड ५९ लाख १५ हजार खर्च गरेको छ । एउटा योजनामा स्विकृत रकम अन्य योजनामा खर्च गर्ने परीपाटीमा नियन्त्रण गर्नु पर्दछ । ख) पालिकाले आर्थिक बर्ष २०७६।७७ मा सवारी साधन खरिदमा बिनियोजित वजेट अन्यत्र रकमान्तर गरी आर्थिक बर्ष २०७६।७७ मा रु १४ लाख ९९ हजार र आर्थिक बर्ष २०७७।७८ मा रु १९ लाख ३३ हजार समेत रु ३४ लाख ३२ हजार सवारी साधन भाडा वापत खर्च भएको छ । आर्थिक बर्ष २०७८।७९ मा समेत प्रति महिना रु १ लाख ४५ हजारको दरले सवारीसाधन भाडालाई निरन्तरता दिईएको पालिकाको पदाधिकारीहरुले जानकारी गराउनु भएको छ । यि तथ्यहरुको बिश्लेषणको आधारमा सवारी साधन खरिदको मुल्य भन्दा हालसम्ममा सवारी साधन भाडामा बढि रकम खर्च भईसकेको छ । तसर्थ गाँउसभाले वजेट तथा कार्यक्रम स्विकृत गरेको अवस्थामा सवारी साधन खरिद नगरी भाडामा लिदा गाउपलिकाको स्वामित्वमा सवारी साधन प्राप्त नभई भाडा वापत थप व्ययभार पर्न गएको छ ।	
२५			**सिकाई सहजिकरण** शिक्षा विकास तथा मानव संशानधन विकास कन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीका अनुसार प्रति विद्यार्थि रु.२०० का दरले कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि कार्यक्रम अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ । उक्त बजेटबाट विद्यालयहरुले सिकाई सामाग्री तथा स्वास्थ्य सामाग्रीहरु खरिद गरी वितरण गर्नुपर्ने देखिन्छ । पालिकाले गोभौ १८० मिति २०७८।०१।१७ बाट पालिकाको ई मिस डाटा अनुसार २८ विद्यालयका ५४११ जना विद्यार्थिलाई प्रति विद्यार्थि रु.२०० का दरले रु.१०८२२०० निकासा दिएको छ । तसर्थ पालिकाबाट निकासा भएको कार्यमा खर्च विल भरपाई विद्यालयबाट पालिकामा पेश भएकोमा पालिकाबाट अनुगमन भएको देखिएन् । तसर्थ पालिकाले तोकीए अनुसार अनुगमन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**प्रधानाध्यापक** शिक्षक सेवा ऐन तथा नियमावलीमा स्थायी शिक्षक कर्मचारी भएको अवस्थामा अस्थायी, करार तथा राहात दरबन्दीमा कार्यारत शिक्षकलाई विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी दिने कानुनी व्यवस्था देखिदैन् । तर पालिकाले भोटेनाम्लाङ्ग माध्यामिक विद्यालयमा सोही स्तरमा कार्यरत स्थाथी शिक्षक कार्यारत रहेको अवस्थामा निम्न माध्यामिक तह राहात तर्फ कार्यारत श्री गोपी प्रसाद पराजुलीलाई प्राध्यानध्यापकको जिम्मेवारी तोकी निजलाई प्रअ भत्ता वापत रु.१८००० भुक्तानी दिएको देखियो । स्थानीय शिक्षा ऐन तथा नियमावली अनुसार पालिकाले शिक्षकको नेतृत्व क्षमता तथा कार्यदक्षताका आधारमा विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आए अनुसार प्रधानाध्यापकको जिम्मेवारी तोकीएको पालिकाको भनाई रहेको छ । तसर्थ स्थायी शिक्षक पदपुर्ती भएको अवस्थामा समेत अस्थायी तथा राहातमा कार्यरत शिक्षकलाई प्रधानाध्यापक जिम्मेवारी दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।	
२७			**बढी निकासा** विद्यालय शिक्षकको तलब विद्यालयबाट माग भएको माग फारम परीक्षण गरी रुजू भए अनुसारको रकम निकासा दिनुपर्दछ । त्यसैगरि शिक्षाक सरुवा अवकाश लगायतको विवरण यकिन गरी विद्यालयले बढी माग गरे नगरेको रुजू गरी निकासा दिनुपर्दछ । गौभौ ६१ मिति २०७७।१०।०८ बाट चण्डीका माविमा कार्यरत शिक्षक श्री शिवशरण दास मिति २०७७।०८।३० देखि जिल्लान्तर सरुवा भएको मा निजको नाममा दोस्रो चौमासिकमा पौष महिनाको रु.९८२९ बढी निकासा देखिन्छ । जसअनुसार सरुवा भई गएकोमा समेत निकासा भएकोले विद्याललयलाई बढि निकासा भएको देखियो । सरुवा भई गएको बिद्यालयसग समन्वय गरि दोहोरो निकासा यकिन गरि असुल गर्नु पर्दछ ।रु	९,८२९
२८			**सक्कल विल** कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शिक्षा विकास तथा मानव संशाधन विकास केद्र निर्देशन तथा कार्यन्वयन मापदण्डको सिनं १.१ मा ५० वटा सम्म विद्यालय भएको स्थानीय तहमा रु.३ लाख खर्च गर्न सकिने उल्लेख छ । जसअनुसार पालिकाले पाठ्यपुस्तक छपाई गरी भौनं ३१४ मिति २०७८।०३।२६ बाट रु.३ लाख खर्च लेखांकन गरेको देखिन्छ । तर सोही शिर्षकबाट मिति २०७८।०३।२६ मा गोभौ नं ३१५ बाट रु.२२१४८० ।०० खर्च लेखांकन गरेको छ । उक्त भौचरमा संलग्न विल भरपाई परीक्षण गर्दा क्यालेन्डर, राजपत्र तथा लेटरप्याड छपाई वापत भनी वेभ प्रिन्ट एण्ड ट्रेडर्सको फोटोकपी विल संलग्न राखि रु.२२१४८०।०० भुक्तानी दिएको देखिन्छ । सक्कल विल वेगर खर्च लेखेकोले उक्त विजकको भुक्तानी भई सकेको अवस्थामा पुनः नभएको भन्न समेत सकिने अवस्था रहेन । तसर्थ उक्त खर्च दोहोरो परे नपरेको सम्बन्धमा पालिकाले यकिन गरी संघीय सरकार हस्तान्तरीत कार्यक्रमबाट खर्च लेख्न नमिल्ने उक्त रकम पालिका श्रोत तर्फ खर्च लेखि फिर्ता पठाउनु पर्ने देखिएको रु.	२२१,४८०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९			**फिर्ता गर्न बाँकी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघ तथा प्रदेश सरकारबाट स्थानीय तहलाई सशर्त अनुदान अन्तरगत हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च हुन नसकि बचत रहेमा सम्बन्धित संचितकोष फिर्ता गर्नुपर्ने उल्लेख छ । पालिकालाई प्रदेश सरकार सशर्त अनुदानमा रु.८०७१७०००, प्रदेश समपुरकमा रु.२८७५७००० र विशेष अनुदानमा रु.३५०००००० समेत गरी कुल रु.१२२९७४००० बजेट निकासा प्राप्त भएकमा पालिकाले सशर्त तर्फ रु.७८४०५३३६.९० र समपुरकतर्फ रु.८०५३८०४.३६ गरि कुल रु.८६४५९१७१.२६ खर्च गरेको देखिन्छ । जसअनुसार रु.२६५२४८२८.७५ निकासा प्राप्त रकम खर्च नभई फिर्ता गर्नुपर्ने देखिएकोमा पालिकाले रु.१५७८१४१५.१० मात्र फिर्ता गरेको देखिन्छ । जसअनुसार पालिकाले फिर्ता गर्नुपर्ने भन्दा रु.१०७३३४१३.६४ घटी फिर्ता पठाएको छ । मेलम्ची खोला तथा ईन्द्रवती नदीमा २०७८।०३।०१ गते आएको बाढीको कारण योजनाको कार्य प्रभावित भई खर्च हुन नसकेको तथा प्रदेश सरकारका सचिव लगातका पदाधिकारीहरुसगको छलफलबाट उक्त रकम चालु आर्थिक वर्षमा खर्च गर्न पाउने मौखिक सहमति प्राप्त भए अनुसार फिर्ता नगरिएको पालिका प्रमुखको भनाई रहेको छ । तसर्थ आर्थिक वर्षको अन्तसम्म खर्च नभई बचत रहेको रकम फिर्ता गर्न नपर्ने तथा खर्च समर्थनको प्रमाण पेश हुनुपर्ने खन्यथा उक्त रकम फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने रु.	१०,७३३,४१४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>

सेनिटरी प्याडः

स्यानीटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को बुदा नं ५ मा विद्यालयमा रहेका छात्रको संख्याको यिकन गरी विद्यालयले माग गरे अनुसार स्यानीटरी प्याड उपलब्ध गराउने तथा बुदा नं ६ मा विद्यालयले पालिकाबाट प्राप्त स्यानीटरी प्याड जिन्सी खातामा अभिलेख व्यस्थित गरी छात्रहरुको नामनामेसी स्पष्ट खुल्ने गरी वितरणको अभिलेख अध्यावि‍धिक गर्नुपर्ने व्यवस्था छ । साथै सोही कार्यविधिमा विद्यालयबाट वितरण भएको स्यानीटरी प्याडको वितरणको अवस्था लगायतका विषयमा पालिकाबाट अनुगमन हुनुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले रु.९३०७५७ को ३६४७८ पाकेट स्यानीटरी प्याड खरिद देखिन्छ । पालिकाको जिन्सि शाखामा बिद्यालयका प्रधानाध्यापकलाई बुझाई खर्च जनाए अनुसारको सेनिटरी प्याड सम्बन्धित बिद्यालयहरुले अध्ययनरत छात्राहरुलाई बितरण गरेको नामनामेसी सहितको बिबरण पेश गर्नु पर्दछ भनि लेखापरीक्षणको मस्यौदा प्रतिबेदन पठाएकोमा पालिकाको शिक्षा शाखा प्रमुखले अनुगमन गरी प्रतिबेदन पेश भएको छ । प्राप्त प्रतिबेदन अनुसार खरिद मध्ये १७१२८ प्याकेट बिद्यालय पठाएको र १९३५० प्याकेट पालिकामानै मौज्दात रहेको देखिन्छ । बिद्यालय पठाएको मध्ये पनि ६१३८ प्याकेट मात्र छात्राहरुलाई बितरण भई १०९९० प्याकेट बिद्यालयहरुमानै मौज्दात रहेको पाईयो । प्रतिबेदन अनुसार बिद्यालय र पालिकामा गरेर ३०३४० प्याकेट अर्थात खरिदको ८३ प्रतिशत मौज्दात रहि १३ प्रतिशतमात्र खर्च भएको छ । अधिक मौज्दात रहने गरि खरिद गर्ने कार्यमा नियन्त्रण गरी मौज्दात सामग्रीको उपयोग नहुन्जेलसम्म थप खरिद नगर्न पालेकाले ध्यान दिनु पर्दछ ।



समष्टिगत विवरण

<table>
<tr><th>जम्मा स्यानेटरी प्याड संख्या</th><th>सबै विद्यालयहरुमा पठाइएको संख्या</th><th>सबै विद्यालयले विद्यार्थीलाइ बुझाएको संख्या</th><th>विद्यालयमा रहेको मौज्दात</th><th>पालिकामा रहेको मौज्दात</th></tr>
<tr><td>३६४७८</td><td>१७१२८</td><td>६१३८</td><td>१०९९०</td><td>१९३५०</td></tr>
</table>

शिक्षा अधिकृत



निश्कर्ष :

स्थलगत अनुगमनका क्रममा विद्यालयहरुमा अध्ययनरत छात्राहरुलाइ प्रदान गरिने स्यानेटरी प्याडले आफुलाइ निकै सहजता भएको र विद्यालय प्रशासनले पनि स्यानेटरि प्याड वितरण पश्चात महिनावारिको क्रममा विद्यालयमा छात्राहरुको अनुपस्थित हुने दर घटेको जानकारी पाइयो ।

कक्षा ६ देखि माथि संचालित विद्यालहरुको स्यानेटरी प्याड वितरण विवरण

<table>
<tr><th>क्र.सं</th><th>विद्यालयको नाम</th><th>विद्यालयमा पठाइएको संख्या</th><th>विद्यार्थीलाइ वितरण गरेको संख्या</th><th>विद्यालयमा मौजदात</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>श्री भिम विद्याश्रम मा. वि</td><td>७२०</td><td>१६३</td><td>५५७</td><td></td></tr>
<tr><td>२</td><td>श्री जनहित आ.वि</td><td>२८८</td><td>२५२</td><td>३६</td><td></td></tr>
<tr><td>३</td><td>श्री चण्डिका मा.वि</td><td>९४४</td><td>४६४</td><td>४८०</td><td></td></tr>
<tr><td>४</td><td>श्री भोताडदेवी मा.वि</td><td>१८४०</td><td>१६८६</td><td>१५४</td><td></td></tr>
<tr><td>५</td><td>श्री थाङपालभ्याली मा.वि</td><td>३४४०</td><td>३४८</td><td>३०९२</td><td></td></tr>
<tr><td>६</td><td>श्री सातकन्यामति मा.वि</td><td>१८००</td><td>२५८</td><td>१५४२</td><td></td></tr>
<tr><td>७</td><td>श्री गोल्मेश्वरी आ.वि</td><td>१३२०</td><td>११८</td><td>१२०२</td><td></td></tr>
<tr><td>८</td><td>श्री क्षेत्रपालेश्वरी मा.वि</td><td>१३५२</td><td>९३४</td><td>४१८</td><td></td></tr>
<tr><td>९</td><td>श्री लाँगर्चे मा.वि</td><td>१६१६</td><td>८८०</td><td>७३६</td><td></td></tr>
<tr><td>१०</td><td>श्री गणेश आ.वि. भोटेनाम्लाङ</td><td>३२०</td><td>६०</td><td>२६०</td><td></td></tr>
<tr><td>११</td><td>श्री भोटेनाम्लाङ मा.वि</td><td>१४४०</td><td>१७५</td><td>१२६५</td><td></td></tr>
<tr><td>१२</td><td>श्री नौलिङ्गेश्वरी आ.वि</td><td>६२४</td><td>८८</td><td>५३६</td><td></td></tr>
<tr><td>१३</td><td>श्री थाङपालधाप मा.वि</td><td>१४२४</td><td>७१२</td><td>७१२</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>१७१२८</td><td>६१३८</td><td>१०९९०</td><td></td></tr>
</table>

</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>

आन्तरिक आय

आन्तरिक आयः स्थानीय सरकार संचालन ऐन २०७४ दफा ६५ बमोजिमको राजस्वपरामर्श समिति गठन गरी सोही ऐनको दफा २ अनुसारका कार्यहरु तथा राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श तथा राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमानका कार्यहरु गर्नु पर्ने व्यबस्था छ । गाउंपालिकाले राजस्व परामर्श समिति गठन गरेको भएता पनि राजस्व प्रक्षेपण गरेको छैन। यस बर्ष आन्तरिक आय विभिन्न स्रोतबाट रु ४४ लाख ८७ हजार बैंकदाखिला भएको देखिन्छ। ८ वडाहरुबाट समेत राजस्व असुल हुने गरेकोमा वडाबाट सिधै बैंक दाखिला भएको रकमलाई नगदी रसिदसंग भिडान नगरी, राजस्व असुली देखिने खाता समेत नराखेकोले राजस्वको आम्दानी भिडान गर्ने आधार भएन।तसर्थ राजस्व आम्दानीसंग सम्बन्धित म ले प फारामहरुमा तोकिए बमोजिम अभिलेख राखी राजस्व तथा आयको पारदर्शी अभिलेखांकन हुनु पर्दछ ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>रसिद नियन्त्रण खाता
स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक राजस्वको हिसाब पारदर्शी गर्न रसिद नियन्त्रण खातामा छपाई भएका रसिदहरुको अभिलेख राख्नु पर्दछ। उक्त अभिलेखमा राजस्व उठाउंने जिम्मेवारी पाएका व्यक्तीलाई बितरण भएको रसिद ठेली र प्रयोग पश्चात बाँकीको र सकिएको रसिद ठेलीहरुको फिर्ता लिई सो बमोजिमको राजस्व यकिन गरि हिसाब राख्नु पर्दछ।पालिकाले राजस्व उठाउंने कर्मचारीलाई बुझाएको नगदी रसिद र रसिद बमोजिमको नगद प्राप्त भयो भएन सो को अभिलेख समेत राखेको छैन।रसिदहरुको सही अभिलेख बिना बैंक दाखिला गरी जम्मा भएको राजस्वको सम्बन्धमा विश्वस्त हुन सकिएन। कार्यालयले राजस्वको तोकिए अनुसारको रसिद नियन्त्रण खाताको अभिलेख राखी राजस्वको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>राजश्वको आम्दानी
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६को दफा २७(१) बमोजिम प्राप्त हुने राजस्व कार्यालयमा प्राप्तहुने दिन वा सम्भब नभएमा भोलीपल्ट बैक दाखिला गर्नु पर्ने व्यबस्था छ ।पालिका तथा पालिकाको सबै वडाबाट सिफारिस दस्तुर, मालपोत लगायत अन्य शुल्क संकलन गरी मासिक रुपमा बैंक जम्मा भएको रकम आन्तरिक स्रोत भनी रु ४४,८७,१३७। आम्दानी जनाएको देखियो। वडागत आम्दानी विबरण यस प्रकार छ।
<table>
<tr><th>आन्तरिक आयको स्रोत</th><th>आय रकम</th></tr>
<tr><td>गाउंपालिका</td><td>३०,००,३५६।</td></tr>
<tr><td>वडा नं. १</td><td>२,५८,८७१।</td></tr>
<tr><td>वडा नं. २</td><td>१,५०,११६।</td></tr>
<tr><td>वडा नं. ३</td><td>१,७२,१००।</td></tr>
<tr><td>वडा नं. ४</td><td>१,८५,८४८।</td></tr>
<tr><td>वडा नं. ५</td><td>२,३८,८७७।</td></tr>
<tr><td>वडा नं. ६</td><td>१,२२,९९८।</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वडा नं. ७</td><td>१,८०,१९१।</td></tr>
<tr><td>वडा नं. ८</td><td>१,२७,७८०।</td></tr>
<tr><td>जम्मा</td><td>४४,८७,१३७।</td></tr>
</table>
उल्लेखित विबरण सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार रहेका छ।
पालिकाले नगदी रसिद वितरण गरी कती प्रयोग भए, कती बाँकी छन्, प्रयाग भएको रसिदबाट कती आम्दानी भयो ,भन्ने विबरण नराखी वडाबाट बैंक दाखिला भई आएको रकमलाई नै आय मानी विबरण राखेकोले रु ४४,८७,१३७।, नै सही आम्दानी हो भन्न सकिएन ।
राजस्व संकलन गर्ने जिम्मेवार व्यक्तीले जुन पायो त्यही रसिद प्रयोग गरेको, दिन तथा महिनाको आम्दानी नखुलाई मासिक आम्दानी रकम भनी एकमुस्ट रकम बैंक जम्मा गरेकोले आम्दानी भिडाउंन नसकेको।
एक महिनामा एक शिर्षकमा एउटा ठेली नसकिकनै ६, ७ वटा रसिद ठेली प्रयोग भएको र कुन ठेलीबाट कति आय भयो भन्ने रकमको विबरण समेत नराखेकोले आम्दानी भएको आय सबै बैंक दाखिला भयो भन्नेमा विश्वस्त हुन सकिएन।
गाउं पालिकाले पालिका तर्फको कुन रसिद प्याड, कसले प्रयोग गरेको भन्ने विबरण खुल्ने रसिद नियन्त्रण खाता नराखेकोले पालिकाको आम्दानी यकिन गर्न सकिएन ।
राजश्वको आम्दानी विबरण तोकीएको ढाँचामा नराखी एउटै मितिमा एउटै शिर्षकमा राजश्व आम्दानी गर्दा समेत रसिद प्याडहरु फरक फरक प्रयोग भएको र एक महिनामा प्रयोग भएको रसिद आंशिक मात्र पेश भएकोले आम्दानी भिडाउंन सकिएन।
राजस्व उठाएको मितिभन्दा बैंकमा दाखिला गरेको मिति अगाडि रहेको अभिलेख पेश भएको छ । जस्तै पालिकाको २०७७ फागुन महिनाको रसिदको आम्दानी २०७७ साउंन महिनाको भनी आम्दानी जनाएको ।
वडाहरु तथा पालिकाको राजश्व उठाउंने जिम्मेवारी पाएको व्यक्तीलाई विगतमा बुझाएको रसिदहरु कति प्रयोग भए कति बाँकी छन् यदि बाँकी भएमा पुन प्रयोग गर्ने वा रद्ध गर्ने भन्ने निर्णय र विबरण नराखीकन वडाले र राजस्व उठाउंने व्यक्तीले माग गरेको आधारमा पुन नयाँ रसिद वितरण गरेको ।
पालिकाले आन्तरिक आय जस्तो गहन विषयको चासो लिई राजस्व उठाउंने व्यक्तीलाई थप जिम्मेवारी बनाई आन्तरिक आयको व्यबस्थित र विश्वासनीय लेखा राख्ने तर्फ ध्यान दिनु पर्दछ ।पालिकाको आन्तरीक लेखापरीक्षकले आन्तरीक आय तर्फको आम्दानीको रसिदवाईज आम्दानी यकिन गरी लेखापरीक्षण गर्नु पर्दछ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४			**आय व्यवस्थापन**	
३४.१			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था रहेकोले आन्तरीक लेखापरीक्षकले कानुन बमोजिम समयमा दाखिला भए नभएको नियमित परिक्षण गर्नु पर्दछ ।	
३४.२			पालिकाको आर्थिक ऐन वा सम्बन्धित ऐन बमोजिम लगाएका कर (विभाज्य समेत्) सो कानूनमा तोकिए बमोजिम निर्धारण गर्दा करदाता अभिलेख अद्यावधिक गर्नु पर्दछ । एकिकृत सम्पत्ति कर सम्बन्धि कानुन बनाई सबै करदातालाई करको दायरामा ल्याउनु पर्दछ ।	
३४.३			पालिकाको असुल गर्नु पर्ने राजस्व बक्यौताको अभिलेख लगत अद्यावधिक राख्नु पर्दछ ।	
३४.४			पालिकाले असुल गरेको कर तथा गैरकर राजस्व तोकिए बमोजिमको अवधीभित्र सञ्चित कोष दाखिला गरे नगरेको सम्बन्धमा आन्तरीक लेखापरीक्षकले चौमासिक रुपमा परिक्षण गरी प्रतिबेदन दिनु पर्दछ ।	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५			**भेरियसन** कार्यालयले लागत अनुमानमा भएको प्रत्येक आईटमको परिमाण र गुणस्तर अनुसार कार्य गराउनु पर्दछ। कार्य गराउँदै जाँदा डिजाईन, परिमाण तथा गुणस्तरमा परिवर्तन गर्नु पर्ने अवस्था परेमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४५ अनुसार खरिद सम्झौता गर्दा पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो योजना कार्यन्वयनको क्रममा सिर्जना भएमा स्पस्ट कारण खुलाई भेरीएशन आदेश जारी गर्न सक्ने उल्लेख छ । त्यसरी भेरिएसन आदेश स्वीकृत गरी स्वीकृत म.ले.प.फा.नं. अनुसारको ढाँचामा भेरिएसन भएको देखिने गरी रनिङ्ग विल तयार हुनुपर्दछ । कार्यालयबाट यस वर्ष निर्माण सम्झौता भएको तथा भुक्तानी भएको देहायअनुसारको ठेक्काको भुक्तानीमा भेरिएसन आदेश कार्यालय प्रमुखबाट स्वीकृत भएता पनि तोकीएको ढाँचामा रनिङ्ग विल तयार भएको देखिएन् । साथै भेरियसन गर्नुपर्ने कारण सहित सूरु लागत अनुमानमा भेरियसनबाट थप भएका आईटमहरु देखिने र लागत अनुमानको तुलनामा सम्झौता रकम बढेको वा घटको छ सोको अवस्था खुलाउनु पर्दछ । तर सो बेगर देहायअनुसार भेरियसन आदेश स्वीकृत गरेकोमा उपरोक्त अनुसार नगरेको कारण सोको विश्लेषण गर्न सकिएन् । तसर्थ पालिकाले तोकीएको ढाँचामा भेरियसन गर्नुपर्नाको कारण सहित आदेश स्वीकृत गर्ने सोको अभिलेख राख्ने र कार्यको भुक्तानी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	

ठेक्का नं	निर्माण कार्य	सुरु सम्झौता रकम	भेरियसनबाट थप	प्रतिशत
७।२०७६।७७	पालिका भवन निर्माण	९०२९९०२१	२८४४२४९	३.१५
२।२०७६।७७	वडा नं ७ कार्यालय भवन	६१९७६०२	५६७२१०	९.१३
३।२०७६।७७	गुन्सा स्वास्थ्य चौकी भवन निर्माण	८८१७७२०	७९०६४२	८.८४
६।०७६।७७	पर्यटन पूर्वाधार विकास	४६१५३६५	५८३५२७	१२.६४
१।०७६।७७	तिपेनी हस्पीटल भवन निर्माण	७९६१४१९१	१२५९४८५	१.५८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**नापी किताब** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा निर्माण कार्यको रनिङ्ग विल तथा कार्यको भुक्तानी दिदाँ वास्तविक कार्य सम्पादाकोको आधारमा दिने उल्लेख छ। जसअनुसार निर्माण कार्यको भुक्तानीको लागि तयार गरिएको नापी किताबमा हालसम्म भएको कुल कार्य परिमाणमा अघिल्लो बिलबाट भुक्तानी भएको परिमाण घटाई बाँकी रहेको परिमाणको मात्र भुक्तानी दिनुपर्दछ। तर पालिकाबाट यस वर्ष तथा गत विगत वर्षमा संचालन भई यस वर्ष रनिङ्ग विल भक्तानी भएको निर्माण कार्यको लागि तयार गरेको नापी तथा प्राविधिक मूल्यांकनमा यस विलको कार्य मात्र समावेश गर्ने र ठेक्का विलमा यस विल र अघिल्लो विलको परिमाण जोडी खुद भएको कार्य परिमाण निकाली भुक्तानी दिने गरेकोले अघिल्लो विलमा भुक्तानी भएको कार्यको समेत यस विलबाट भुक्तानी भएको छैन भन्न सकिने अवस्था रहेन । तसर्थ पालिका प्राविधिकले नापी किताब तयार गर्दा तोकीएको ढाँचामा तोकीए अनुसार गरी भुक्तानी तथा कार्य ओभरल्याप नहुने गरी एकीकृत नापी तयार गर्नतर्फ ध्यान दिनुपर्दछ ।	
३७			**मुल्यांकन भन्दा बढी भुक्तानी** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ मा रनिङ्ग विलको भुक्तानी गर्दा प्राविधिक मूल्यांकनका आधारमा गर्नुपर्ने व्यवस्था छ । साथै रनिङ्ग विल भुक्तानी गर्दा यस विलसम्मको कुल कार्य भएको बाट अघिल्लो विल सम्म भुक्तानी भएको रकम घटाई बाकी रकम भुक्तानी दिनुपर्दछ । पालिकाको भवन निर्माण कार्य वापत निर्माण व्यवसायी श्री वल्ड वाईड कन्ट्रक्सन प्रालिलाई गोभौ ४० मिति २०७७।०७।२८ बाट प्रथम निङ्ग विल वापत रु.१०२८४६१८ भुक्तानी भएको छ । गोभौ ७३ मिति २०७७।०९।२३ बाट दोस्रो रनिङ्ग विल रु.११०६७९१२ भुक्तानी भएकोमा दोस्रो रनिङ्ग विल सम्मको कुल रु.२१३५२५३० भुक्तानी भएको छ । तर दोस्रो रनिङ्ग विलमा संलग्न प्राविधिक मूल्यांकन अनुसार दोस्रो रनिङ्ग विलसम्म कुल रु.१८५२०९९२.७३ को मात्र कार्य भएको देखिन्छ । जसअनुसार कुल कार्य भएको भन्दा दोस्रो रनिङ्ग विलमा रु.२८३१५३७.८५ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ दोस्रो रनिङ्ग विल सम्म कुल अध्याविधक कार्य भन्दा बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु..	२,८३१,५३८
३८			**नदीजन्य पदार्थ तथा प्राकृतिक श्रोतः** नदीजन्य पदार्थ तथा प्राकृतिक श्रोतः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । साथै प्रदेश आर्थिक ऐन २०७७ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट सँकलन गर्न ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गरी अनुसूची ९ अनुसारको दरमा विक्री गर्न सक्ने व्यवस्था गरेको छ । साथै निजि जग्गामा प्राप्त हुने ढुंगा तथा मटो अन्य व्यक्तीलाई विक्री गर्दा समेत पालिकाको स्वीकृत लिई तोकीए बमोजिकको दरमा शुल्क तिर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा उपभोक्ता समितिले ढुँगा खरिद गरेको देखिने प्रमाण संलग्न रहेको छैन् । जसबाट उपभोक्ता समितिले पालिका क्षेत्र भित्रका गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेकोमा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पालिकाले ती सामग्रीको पालिका दरको आधारमा भुक्तानी दिएको छ। निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पालिकाको स्रोत निशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरेकोमा नमुना छनौट गरेका योजनाहरुका उपभोक्ता समितिबाट पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क वापतको देहाय अनुसारको रकम रु.२४८२२०० आम्दानी भएको देखिएन् । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन, सँकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।	

भौ नं	योजना तथा उपभोक्ता	ढुंगाको परिमाण	दर	रकम
२०	गुम्बा मार्ग बरुवा	११७	३९४	46098
२७	थुम्की टोल पहिरो नियन्त्रण	१२८	३९४	50432
६६	बच्छलामाई आवि	६३	३९४	24822
६९	लेखर्क सामुदायिक भवन	९२	३९४	36248
८६	सेर्माथाङ्ग साल्मे मो वा मर्मत	१४७	३९४	57918
९०	नेवार टोल धाराखोला मो वा	११८५	३९४	466890
९९	चिलाउने माकल सडक	५४	३९४	21276
११६	गुन्सा रिङ्ग रोड	१८०	३९४	70920
१४९	हर्क वारी उकालो मो वा	३०८	३९४	121352
१२८	तिपेनीकोट गाउँ फुर्के सल्ला	७४	३९४	29156
१६६	गुन्सा खेलमैदान	३०६	३९४	120564
				124110

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				१७५	फुर्के सल्ला लप्से लामाटोल नागीडाँडा	३१५	३९४			
				१७९	गोल्मेश्वर ढुंगे धारा सडक	६०	३९४	23640		
				२०७	वडा कार्यालय माथी सोलिङ्ग तथा नाली अगाडी	३०४	३९४	119776		
				२०५	भोताङ्ग स्वास्थ्य चौकी	१८३	३९४	72102		
				२२२	छिम्ती कुलो सिचाई	१३०	३९४	51220		
				२२३	सिन्दोल गोरेटो बाटो ग्यान्सिम पुल निर्माण	११४	३९४	44916		
				२४८	नागपोखरी कृषि सडक मर्मत	१२८	३९४	50432		
				२५९	वडा नं ६ स्तरको खलमैदान	१८२	३९४	71708		
				प्र १	भूमेश्वरि आ वि खेलमैदान	१०५	३९४	41370		
				१०	तिपेनी भोटेनाम्लाङ्ग सडक पाँचपोखरी	४९८	३९४	196212		
				११	खल्डे आख्रेनी सडक	२२७	३९४	89438		
				३२	लुकङ्ग बासखर्क जतन बरुवा	१४००	३९४	551600		
								2482200		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३९			**कार्यसम्पादन जमानत** सार्वजनिक खरिद ऐन २०६४ को दफा ४५ अनुसार निर्मण व्यवसायिले तोकीएको समयभित्र कार्य गर्न प्रयासरत रहेको तथा काबु बाहिरको परिस्थितिको कारण उक्त ठेक्का सम्पन्न गर्न थप अविधि लाग्ने अवस्थामा तोकीएको प्रकृया पूरा गरी म्याद थप गर्नुपर्ने उल्लेख छ । पालिकाले गुन्सा स्वास्थ्य चौकी भवन निर्माणका लागि ठेक्का व्यवस्थापन गरेकोमा मिति २०७७।२।३० भित्र सम्पन्न गर्ने गरी केवी स्याङ्गबो कन्ट्रक्सन र पालिकाबीच मिति २०७६।०८।२ मा रु.८७७१७२०.४६ मा सम्झौता भएको छ । सम्झौता गर्दा कार्य सम्पन्न मिति देखि १३ महिना म्याद भएको कार्यसम्पदन जमानत राख्नुपर्नेमा सम्पन्न हुने मिति देखि ७ महिना मात्र म्याद भएको कृषि बिकास बैकको रु.४४३११७।०० को बैक जमानत राखि सम्झौता भएको छ । साथै कोभिड १९ का कारण समयमा कार्य सम्पन्न हुन नसकेकोमा नेपाल सरकारको निर्णय अनुसार ६ महिना म्याद थप भएकोमा समेत कार्य सम्पादन जमानतको म्याद थप गरेको देखिएन् । साथै मिति २०७७।०९।०९ मा अन्तीम विल भुक्तानी लिएकोमा सो मिति देखि १३ महिनाले हुने मिति २०७८।१०।०८ सम्म म्याद भएको कार्य सम्पादन जमानत राख्नुपर्नेमा सो समेत गरेको देखिएन् । पालिकाले म्याद थप गर्दा कार्यसम्पादन जमानतको म्याद नथपेको कारण कार्य सम्पादन जमानतको म्याद मिति २०७७।९।०३ मै समाप्त भएको देखिन्छ । यससम्बन्धमा छलफल गर्दा मिति २०७७।९।१० मा कार्यसम्पनन भएको तथा लेखापरीक्षण अविधि २०७८।१०।१६ सम्म निर्माण कार्य तोकीएको गुणस्तर अनुसारकै रहेकोले जमानतको म्याद थप नभएको भएता पनि निर्माण व्यवसायिसँग थप अविधको कार्यसम्पादन जमानत माग गर्नुपर्ने अवस्था नरहेको पालिकाको भनाई रहेको छ । तसर्थ निर्माण कार्यको म्याद थप गर्दा तोकीए बमोजिम कार्यसम्पादन जमानको म्याद थप लिई गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०			**ननफाईलर** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले विभिन्न शीर्षकमा देहायका फर्मलाई निम्नानुसारको मू.अ.कर रकम भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.	२,२६६,२५१

भौ नं र मिति	निर्माण व्यवसायि	प्यान तथा भ्याट नं	ननफाईलर मिति	भुक्तानी भएको मूल्य अभिवृद्ध कर
३५।२०७७।०७।१९	सिन्धु निर्माण सेवा	६०८५९४१६७	२०७७।एम।४	१७२६९२
४२।२०७७।०८।१२	सिन्धु निर्माण सेवा	६०८५९४१६७	२०७७।एम।४	५१६६४
९७।२०७७।११।०९	सिन्धु निर्माण सेवा	६०८५९४१६७	२०७७।एम।४	५७०४७
९८।२०७७।११।०९	सिन्धु निर्माण सेवा	६०८५९४१६७	२०७७।एम।४	१३३५०७
६।२०७८।०३।२४	सिन्धु निर्माण सेवा	६०८५९४१६७	२०७७।एम।४	२१७२९८
२०७८।०३।१४	सिन्धु निर्माण सेवा	६०८५९४१६७	२०७७।एम।४	३६०७४४
७३।२०७७।०९।२३	वल्ड वाईड कन्ट्रकसन	३०१८७५२११	विजक नं ३० हातले लेखेको	१२७३२९९
	जम्मा			२२६६२५१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१			**बढी भुक्तानी** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच सहित ठेक्का विलको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यापालिकाको मिति २०७८।०४।०५ को निर्णयअनुसार आवत जावत सहजातका लागि एक्साभेटर भाडामा लिने भनी निर्णय भए अनुसार २०७७ श्रावण महिनामा डोजर प्रयोग वापत उल्लेख गरी पालिका प्रमुखको तोक आदेश अनुसार सिन्धु निर्माण सेवालाई भौनं ३ मिति २०७७।०५।०२ बाट रु.३९०००० भुक्तानी भएको छ । भुक्तानीको श्रेस्तामा संलग्न कागजात परीक्षण गर्दा निर्माण व्यवसायिले २०७७ आषाढ महिनामा ३४ घण्टा सहित १८५ घण्टा कार्य गरेको भनी भुक्तानी माग गरेकोमा पालिका प्राविधिकले उक्त कार्य गरेको देखिने प्राविधिक नापँजाँच तथा मुल्यांकन गरेको देखिएन। साथै निर्माण व्यवसायिले कर विजक समेत जारी नगरेको र सोही सडक खण्डमा सडक सफा गरेको भनी भौनं ३५ र ४२ बाट समेत भुक्तानी भएकोले उक्त भुक्तानी दोहोरो नभएको भन्न सकिने अवस्था समेत रहेन । तसर्थ मूल्य अभिवृद्ध करमा दर्ता भएको संस्था तथा निर्माण व्यवसायिले कर विजक वेगर तथा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कार्य गरेको देखिने नापी किताब र प्राविधिक मूल्यांकन समावेश नगरी रकम भुक्तानी दिन मिल्ने अवस्था देखिदैन् । तसर्थ निर्माण व्यवसायिको भुक्तानिमा कट्टी गरेको कर रकम रु.३९००० बाहेक खुद भुक्तानि भएको रकम रु.३५०००० असूल गर्नुपर्ने देखिएको रु.	३५१,०००
४२			**बढी भुक्तानी** लालीगुराँस गङनाम्सा डाँडा कृषक समुह सामुदायिक पाहुना घर निर्माण उपभोक्ता समितिले गोभौ १४५ मिति २०७७।१२।०४ बाट रु.७८७६६ भुक्तानी लिएको छ । त्यसैगरी गोभौ ७९ मिति २०७७।१०।१२ बाट उक्त पाहुना घर निर्माणका लागि आवश्यक पर्ने निर्माण सामाग्री खरिद वापत उक्त योजनाको भुक्तानीबाट कट्टी हुने गरी श्री देवी हार्डवेयरलाई रु.४२१२३८।०० भुक्तानी भएको छ । जसअनुसार उक्त योजनामा कुल रु.५ लाख भुक्तानी भएकोमा उपभोक्ता समितिले कुल रु.४७५००० को मात्र कार्य गरेको देखिन्छ । जसअनुसार उपभोक्ता समितिलाई बढी भुक्तानी भएको असूल हुनुपर्ने देखिएको रु.	२५,०००
४३			**बढी भुक्तानी** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ अनुसार निर्माण कार्यको प्राविधिक विल तथा नापी किताब अनुसार रकम भुक्तानी दिनुपर्दछ । पालिकाले गोभौ १८१ मिति २०७८।०१।१२ बाट सुईरे सिचाई निर्माण उपभोक्ता समितिलाई रु.२८५०००।०० भुक्तानी दिएकोको श्रेस्तामा संलग्न नापी तथा प्राविधिक मुल्यांकन अनुसार उपभोक्ता समितिले रु.२६१४८१।०० को मात्र कार्य गरेको देखिन्छ । जसअनुसार उपभोक्ता समितिले कार्य गरेको भन्दा रु.२३५१९ बढी भुक्तानी भएको नापि तथा प्राविधिक मुल्यांकनबाट देखिन्छ । तसर्थ नापी तथा प्राविधिक मुल्यांकन भन्दा बढि भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.	२३,५१९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४			**जग्गा खरिद** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चनं १७६ मिति २०७७।०८।१६ को पत्रअनुसार स्थानीय तहले भवन तथा अन्य सार्वजनिक निर्माणका लागि आवश्यक पर्ने जग्गा सम्भव भएसम्म निशुल्क प्राप्त गर्न कोशिष गर्ने तथा निजि जग्गाखरिद गर्नुपर्ने भएमा जग्गा प्राप्ती ऐन २०३४ को प्रक्रीय पलना गरि सोही अनुसार खरिद गर्न सक्ने भनी परिपत्र गरेको छ । यस पालिकाले गोभौ ५५ मिति २०७७।०८।१९ बाट गाउँपालिकाको प्रशासकीय भवन निर्माण भई रहेको स्थानमा पल्ट मिलान गर्ने तथा अपुग जग्गा खरिद गर्ने भनी पालिकाको जग्गासँग सिमाना जोडीएको श्री नारायण क्षेष्ठको ३ आना २ पैसा जग्गा प्रति आना रु.५ लाख ५० हजारका दरले रु.१९२५०००।०० मा खरिद गरेको छ । श्रेस्तामा संलग्न कागजातहरु परीक्षण गर्दा पालिकाले जग्गा प्राप्ती ऐन २०३४ मा तोकीए बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वामा समिति गठन, दर रेट निर्धाण, मालपोत तथा नापी कार्यालयको प्रतिनिधि तथा न्यनतम मुल्यांकन लगायतका विषयहरुहरु पालना गरेको देखिएन् । तसर्थ मन्त्रालयले गरेको परिपत्र अनुसार जग्गा प्राप्ती ऐनको पालना नगरी खरिद गरेको नियमित नदेखिएको रु	१,९२५,०००
४५			**सप्लायर्सलाई भुक्तानी** कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य गर्ने भनी सम्झौता गरेको देहायका योजनामा उपभोक्ता समितिले सिचाई योजना निर्माणका क्रममा आवश्यक पर्ने निर्माण सामाग्री खरिद गर्नका लागि आवश्यक व्यवस्था मिलाईदिनु हुनु भनी कार्यालयलाई अनुरोध गरेकोमा कार्यालयले श्री देवी हार्डवेयरलाई सिमन्ट लगायतका निर्माण सामाग्री उपलब्ध गराईदिन भनी पत्राचार गरेको छ । उपभोक्ता समितिले सामानको प्रयोग गरी निर्माण कार्य सम्पन्न गरे पश्चात प्राविधक मुल्यांकनबाट उपभोक्ता समितिलाई भुक्तानी हुने रकममा उक्त सप्लायर्सको बिल अनुसारको रकम घटाई भुक्तानी दिएको र सामाग्री खरिदको बिल अनुसारको रकम उपभोक्ता समितिलाई भुक्तानी हुने रकमबाट कट्टी गरी कार्यालयले सोझै सप्लायर्सलाई भुक्तनी दिएको छ । कार्यालयले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई दिएको कार्य पुनः कार्यालयबाट आंशिक रुपमा गरेको कानुन संम्मत देखिएन् । साथै खरिद नियमावली अनुसार उपभोक्ता समिति आफैले गर्न सक्ने काम मात्र दिनुपर्नेमा काम गर्ने सम्झौता गरी पुन कार्यालयले नै खरिद गर्नुपर्ने अवस्थामा यस प्रकारका कार्यहरु उपभोक्ता समितिबाट गराउन उपयुक्त देखिएन । छलफलको क्रममा उपभोक्ता समितिले निर्माण कार्य गर्न आवश्यक पर्ने निर्माण सामग्री खरिद गर्न नसकी निर्माण कार्य प्रभावित नहोस भन्ने उपभोक्ता समितिकै अनुरोधमा गरीएको कार्यालयको भनाई रहेको छ । पालिकाले प्रतिस्पर्धाको माध्यमबाट खरिद कार्य गर्नुपर्दछ ।	

भौ नं	योजनाको नाम	श्रीदेवी हार्डवयेरलाई भुक्तानी रकम
८०	थाङ्ग्रखोर फन्ढलाङ्ग खोला चिहान निर्माण	१४६४४८
८०	गुन्सा स्वास्थ्य चौकी	७११९०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				७९	गुन्सा स्वास्थ्य चौकी	७११९०		
				७९	लालिगुराँस गङ्गनाम्सा डाँडा समुह कृषक सामुदायिक पाहुना घर	४२१२३४		
				७९	फुर्के सल्ला लप्से लामाटोल मानीडाँडा सडक	५७४७१		
				७९	पतेरी खोा खेल सिचाई कुलो मर्मत	५३१९३६		
				१९१	फुर्के सल्ला लप्से लामाटोल मानीडाँडा सडक	११०४२३		
				१९१	धाप गुठ कुलो निर्माण	२३५८०८		
				१००	खस्रे बालुवा कालोपानी कृषि सडक	११९०३४		
				२८६	बरुवा खानेपानी योजना	४७९८४१		
					जम्मा	२२४४५७५		
४६			**बायो–इञ्जिनियरिङ्ग** सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मत/सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू–क्षय रोक्नका लागि बायो—इञ्जिनियरिङ्ग कार्यसमेत गर्दै जानुपर्नेमा कार्यालयले त्यसतर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो–इञ्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षातमा सञ्चालनमा आउन नसक्ने, वर्षातपछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू–क्षय तथा भू–स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखत पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ ।					

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७			**जनश्रमदान** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा लागत सहभागीता सहितका निर्माण कार्यहरु मात्र उपभोक्ता समितिलाई दिन मिल्ने उल्लेख छ। गाउँपाकाले तयार गरेको पाँचपोखरी थाङपाल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ को बुदाँ नं ७.३ मा आयोजनाको प्रकृती हेरि कार्यालयले लागत सहभागीताको नगद/जनश्रमदान/ वस्तुगत अनुपात तोक्नुपर्ने उल्लेख छ । यस वर्ष उपभोक्ता समितिबाट संचालन गरिएका १२४ योजनामा कुल रु.७४०९७१७८।०० खर्च गरेकोमा लागत सहभागीताको अंश शुन्य राखेको पाईयो । साथै आर्थिक वर्ष २०७४।७५ मा पालिकाबाट संचालित आयोजनाहरुमा १० देखि २० प्रतिशत जनश्रमदान समावेश गरेकोमा यस वर्ष शुन्य लागत सहभागीता राखि उपभोक्ता समितिबाट कार्य गराएकोमा पालिकाले तयार गरेको कार्यविधि तथा सार्वजनिक खरिद नियमावली अनुकुल देखिएन् । साथै गत विगत वर्षको पालिकाको अध्यासलाई आधारमानी कुल कार्य भएको रकमको औषत १५ प्रतिशतले जनश्रमदान तथा लागत सभागीतातर्फ रु.१११११४५७७।०० समावेश हुने देखिन्छ। शुन्य लागत सहभागिता समावेश गरेको कारण पालिकालाई रु.१११११४५८८।०० थप व्ययाभार परेको देखिन्छ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८			**डण्डी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । नेपाल सरकारबाट स्वीकृत नर्म्स अनुसार भवन निर्माण कार्यमा डण्डीको परिमाण लमसममा गणना गर्दा आरसीसी परिमाणको बिममा १.५ प्रतिशत, स्ल्याबमा १.२ र कोलुममा २ प्रतिशत आधार औषतमा १.५ प्रतिशतसम्म राख्ने गरेको पाईन्छ । भुक्तानीको प्राविधिक मूल्यांकनमा डण्डीको परिमण लमसममा आरसीसीको २ प्रतिशतले हुने गरी ६९८३.८२ केजि समावेश गरेको पाईयो । डण्डीको परिमाण गणना गर्दा बार सेडुअल तयार नगरी लमसम राख्दा आरसिसिको बढीमा १.५ प्रतिशतले मात्र समावेश गर्नुपर्नेमा देहाय अनुसार बढी परिमाण समावेश गरी भुक्तानी भएको देखिन्छ । तसर्थ डण्डीको परिमाण गणना गरेको बार सेडुअल सहितको प्रमाण पेश हुनुपर्ने अन्यथा बढी भुक्तानी भएको असूल हुनुपर्ने देखिएको रु.	१७३,९७०

भौ नं	विवरण	रकम
२८१	थाङ्गपालधाप माध्यामिक विद्यालय दुई कोठे भवन निर्माण कार्य अन्तरगत स्ल्याब ढलानको प्राविधिक मूल्यांकनमा डण्डीको परिमण लमसममा आरसीसीको १.३ प्रतिशतले हुने गरी ५०९०.९२ केजि समावेश गरेको छ । डण्डीको परिमाण गणना गर्दा बार सेडुअल तयार नगरी लमसम राख्दा आसिसिको बढीमा १.२ प्रतिशतले हुने ४६९९.६४ केजी मात्र हुने देखिन्छ । जसअनुसार उक्त कार्यमा ३९१.२८ केजी बढी परिमाण गणना गरी प्रति केजी रु.१११.०८ का दरले रु.४३४६३.६१ बढी भुक्तानी भएको रु	४३४६४
२८१	दुई कोठे भवन निर्माण कार्यको प्राविधिक मूल्यांकनमा डण्डीको परिमण लमसममा आरसीसीको २ प्रतिशतले हुने गरी ३६९३.५५ केजि समावेश गरेको छ । डण्डीको परिमाण गणना गर्दा बार सेडुअल तयार नगरी लमसम राख्दा आसिसिको बढीमा १.५ प्रतिशतले हुने २५१८.६८ केजी मात्र हुने देखिन्छ । जसअनुसार उक्त कार्यमा ११७४.८८ केजी बढी परिमाण गणना गरी प्रति केजी रु.१११.०८ का दरले रु.१३०५०५.६७ बढी भुक्तानी भएको रु	१३०५०६
	जम्मा	१३०९०७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९			**जग्गा खरिद** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट जग्गा खरिद सम्बन्धी कार्य गर्न पाउने देखिदैन् । त्यसैगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१७६ मिति २०७७।०८।१६ को पत्रानुसार पालिकाले निजी जग्गा प्राप्ती गर्दा जग्गा प्राप्ती ऐन २०३४ अनुसार गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले गोभौ ५ मिति २०७७।०५।०५ बाट देवी स्थान खुलकुद मैदान निर्माणका लागि भनी जग्गा व्यवस्थापन वापत रु.५००००० भुक्तानी दिएको देखिन्छ । तर जग्गा प्राप्ती ऐन अनुसार उक्त जग्गा खरिद नगरी उपभोक्ता समितिले खेमैदानको लागि आवश्यक पर्ने जग्गा करिब ६ रोपनी रु.१३ लाखमा खरिद गर्ने तथा उक्त रकम मध्ये रु.५ लाख पालिकाले वेहोर्ने गरी निर्णय गरे अनुसार जग्गा खरिद भएको छ । पालिकाको वडा नं ७ को कार्यालयको नाममा नासारी गरिएको उक्त जग्गा खरिद गर्ने जग्गा प्राप्ती ऐन २०३४ पालना भएको नदेखिएको रु.	५००,०००
५०			**खरिद व्यवस्थापन**	
५०.१			निर्माण कार्यको नाँपजाचः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद संझौता अनुसार सार्वजनिक निकायले प्राविधिक नाप जाँच गरी नापी किताव (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा रनिङ्ग बिलको भुक्तानी गर्नु पर्ने र नियम १२२ को उप नियम १(घ) मा सम्पन्न भएको निर्माण कार्यको नाप, आकार, परिमाण र मूल्य रनिङ बिलमा खुलाउनु पर्ने उल्लेख छ । पालिकाको भण्डार शाखाबाट प्राप्त खर्च तथा निकासा फाराम नम्बर ३ अनुसार रु १५ लाख मुल्यका तारजालिहरु बिभिन्न सेवाग्राहीहरुलाई बितरण गरेको देखियो । निकासा भएको निर्माण सामग्रीहरु माग भए बमोजिमको योजनामा खर्च भए नभएको पालिकाले अनुगमन तथा नाँपजाँच गरेको छैन । पालिकाको ईन्जिनियरले नाँपजाच गरि नापि किताब बनाई पेश गर्नु पर्दछ ।	१,५००,०००
५०.२			अबण्डा बजेट – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष समपूरक कोषमा रु. २ करोड १५ लाख, अध्यक्षसग जनता कार्यक्रममा रु ५० लाख र उपाध्यक्ष सम्बृद्धि कार्यक्रममा रु ३० लाख वजेट अबण्डा राखेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०.३</td><td></td><td></td><td>बोलपत्र प्रतिस्पर्धाः पालिकाले बोलपत्र गरेका निम्न ठेक्काहरुमा प्रतिस्पर्धा न्युन भएको देखिन्छ। अधिकतम प्रतिस्पर्धा हुने गरी खरीद व्यवस्थापन गर्नु पर्दछ।
<table><tr><th>NAME OF WORKS</th><th>NAME OF CONTRACTOR</th><th>ESTIMATED AMOUNT</th><th>Contract Amount</th><th>घटि प्रतिशत</th></tr><tr><td>Gunsa Health Post</td><td>K.B. & Shyangbo Construction Pvt. Ltd.</td><td>9,035,265.30</td><td>8,871,720.46</td><td>1.81</td></tr><tr><td>Bhotenamlang Ward Office</td><td>K.B. & Shyangbo Construction Pvt. Ltd.</td><td>6,299,574.83</td><td>6,197,602.12</td><td>1.61</td></tr></table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०.४			अधुरो योजना – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले निम्न सिंचाई योजनाहरुको सम्झौता बमोजिम कार्य गराउन नसक्दा योजनाहरुबाट समयमै अपेक्षित प्रतिफल प्राप्त हुन सकेन। २०७८ आषाढ सम्ममा कार्य सम्पन्न गर्ने गरी एउटै निर्माण व्यवसायी श्री चमुण्डा \पिकेभी जे भीसग सम्झौता गरेकोमा १ योजनाको मात्र म्याद थप अवधिमा निर्माण सम्पन्न गरेको देखियो । बाँकि २ योजनाको निर्माण स्थलमा निर्माण व्यवसायीको कामदार तथा प्रतिनिधिको उपस्थितिनै रहेको देखिएन । तसर्थ सम्झौता बमोजिम काम नगर्ने निर्माण व्यवसायीबाट सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम १० प्रतिशत सम्म पूर्वनिर्धारीत क्षतिपूर्ती असूल गरी गरी यथाशिघ्र निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।	१,११४,९५५

सि नं	योजनाको नाम	ठेक्का नम्बर	सम्झौता रकम	हालसम्मको भुक्तानी	कार्यसम्पन्न अवस्था	असूल गर्नु पर्ने पुर्वनिर्धारीत क्षतिपूर्ति रकम
१	वासखर्क चिलाउने सिंचाई योजना, वडा नम्बर १	१। २०७७। ७८	५५९४४६७। १७	३५६२००३। ७९	अधुरो	५५९४४६।००
२	छहरेखोला डाँडाखेत सिंचाई योजना, वडा नम्बर २		५५५५०९१। १९	१९३३०९७। १५	अधुरो	५५५५०९।००
३	महादेव कार्तिके पुछार सिंचाई योजना, वडा नम्बर ६	३। २०७७। ७८	४५९१८४८। ९०	४५१०५६। १२	कार्य सम्पन्न प्रतिबेदन तयार भएको तर कार्य सम्पन्न मिति उल्लेख नभएको	०
	जम्मा					१११४९५५।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०.५			रकमान्तरः पालिकाले शुरु वजेट तथा कार्यक्रममा समावेश निम्नानुसारका योजनाहरुमा स्विकृत वजेट रकम कार्यपालिकाको बिभिन्न मितिको निर्णयबाट अन्यत्र योजनामा रकमान्तर गरी निम्नानुसार रु ४ करोड ७७ लाख ३२ हजार खर्च गरेको छ । एउटा योजनामा स्विकृत रकम अन्य योजनामा खर्च गर्ने परीपाटीमा नियन्त्रण गर्नु पर्दछ ।	
५०.६			आयोजनाको अभिलेख– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले निर्माण कार्य शुरुवात भई सम्पन्न हुन नसकेका अधुरा योजनाहरुको अभिलेख राखेको छैन । अधुरा योजाहरुको अभिलेख व्यवस्थित गरी यथाशिघ्र कार्यान्वयन गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०.७			अनुसन्धान तथा विकास खर्च – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको योजनाहरुको डिपीआर निर्माण कार्य परामर्शदाताबाट गराई रु ४३ लाख २५ हजार ४०५ खर्च गरको छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । फन्ड बोर्ड लगायतका निकायहरुबाट कार्यान्वयन हुने योजनाहरुको सोहि निकायले डिपीआर गर्ने हुँदा पालिका समेतबाट गर्दा दोहोरो पर्ने तर्फ ध्यान दिएको छैन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।	

S.N.	NAME OF PROJECT	DPR Cost	Total Project Cost
1	Banskharka Chilaune Sinchai Yojana Wada No. 1	1,491,035.00	17,642,150.59
2	Chahare Khola Dandakhet Sinchai Yojana Wada No. 2		19,703,901.94
3	Mahadevkhola Kartikay Puchhar Sinchai Yojana Wada No. 6		15,386,418.89
4	Gyungar Khola Khanepani Nirman Wada No. 3		5,246,169.19
6	Pemachal Udhyan Kendra (Statue of Guru Rinpoche)	1,497,170.00	77,870,985.15
7	Masterplan of Banskharka Monastery		154,377,408.29
8	DETAIL DESIGN WORK OF PROPOSED LAND & POND WORK AT BHOTANG WARD NO. 3	443,000.00	157,223,466.50
9	Identification of Thulodhunga Tourism Destination point and Preparation of DPR of Thulodhunga	398,200.00	100,888,165.90
10	DPR of Gunsa Gangralaya Bhawan	496,000.00	
	Total	4325405.00	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१			**सामाजिक सुरक्षा** सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१)मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्ने उल्लेख छ ।उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गतेभित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोके बमोजिम पठाउनु पर्ने व्यवस्था भएकोमा सो नियमको पालना भएको पाइएन। नियमले गरेको व्यवस्था पालनामा ध्यानदिनुपर्ने देखिन्छ।	
५२			**लाभग्राही अभिलेख** सामाजिक सुरक्षा नियमावली, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मितिभित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नु पर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकामा यस वर्षदेखि बैकबाट भत्ता वितरण गरेकोमा कट्टा तथा लाभग्राही थप भएको विवरण प्राप्त हुन सकेन । लाभग्राहीको आफन्त मृत्युदर्ता गर्न आएको अवस्थामा मात्र मृत्यु दर्ता गरी लगत कट्टा गरिने जानकारी प्राप्त भएकोले पालिकाले पेश गरेको विवरण तथा लगत कट्टा अभिलेख व्यवस्थित छ भन्न सकिने अवस्था रहेन । त्यसैगरी लाभग्राही लगतसँग सम्बन्धित व्यक्तिगत सुचना फाईल समेत तयार भएको देखिएन् । तसर्थ पालिकाले यस सम्बन्धमा अनुगमन गरी बैंकमा रकम निकासा भए अनुसार सम्बन्धितले भत्ता बुझेको यकिन गरी लाभग्राही अभिलेख अध्याविधक तथा सुचना फाईल व्यवस्थित गर्नुपर्दछ ।	
५३			**निस्कृय लाभग्राही** सामाजिक सूरक्षा संचालन कार्यविधि, २०७७ अनुसार सामाजिक सूरक्षा बचत खाता संचानल गर्ने तथा वित्तीय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रवण र माघ महिना भित्र केन्द्रीय पंजिकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेकोछ । पालिकाले सामाजिक सूरक्षा वितरण गर्न मेघा बैंक लिमिटेड सँग सम्झौता गरेकोमा २०२०।१०।१८ देखि २०२०।१२।१० सम्म पालिकाबाट डमी एकाउन्ट खोलिएकोमा लेखापरीक्षण अवधि २०२२।०२।४ सम्म पनि kycअपडेट गर्न नआएको भनी ११३ जनाको नाममा आर्थिक वर्ष २०७७।७८ मा निकासा भएको रकम रु.४३,५१,४८४। रहेको निष्कृय खाताको विवरण प्राप्त भएको छ । तसर्थ बैकबाट निश्कृय तथा KYC अपडेट नभएको खातामा रहेको मौज्दात यकिन गरी बैक ब्याज समेत फिर्ता गरि संघीय संचित कोष दाखिला गरेको प्रमाण पेश हुनुपर्ने देखिएको रु..	४,३५१,४८४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५४			**घटना दर्ता** संघीय सरकार हस्तान्तरित कार्यक्रम अन्तरगत पालिकालाई व्यक्तीगत घटाना दर्ता शिविर संचानका लागिरु.५९५००० बजेट विनियोजन भई निकासा प्राप्त भएको छ । उक्त बजेटबाट पालिकाले व्यक्तीगत घटना दर्ता शिवर संचालन गर्ने सम्बन्धि सुचना प्रकाशन गरी सिलबन्दि दरभाउ पत्र आहवान गरेकोमा श्री मेरिडियन आई टी प्रा लि ले रु.५९२००००।०० मा गर्ने गरी पालिकासँग सम्झौता गरी गौभौ २०९ मिति २०७८।०२।२० बाट रु.५९२००० भुक्तानी लिएको छ। यस सम्बन्धमा देखको व्यहोराहरु निम्नानुसार रहेका छन् । • पलिकाले प्रत्यक वडामा ३ पटक तथा एक पटकमा ५ जना कार्मचारी आवश्यक पर्ने गरि ८ वटा वडामा कुल १२०० घटना दर्ता गर्ने गरी एकमुष्ट रु.५९५००० को लागत अनुमान तयार गरी सुचना प्रकाशन गरेको छ । पालिकाले लागत अनुमान तयार गर्दा कुल १२०० वटा घटना दर्ता गर्दा व्यवस्थापन शुल्क रु.७१००० बाहेक प्रती घटना रु.४३६.६७ का दरले लागत लाग्ने देखिन्छ । • पालिकाले भुक्तानीको लागि श्रेस्तामा संलग्न राखेको शिविर घटना दर्ता अभिलेख तथा प्रतिवेदन अनुसार २०४ वटा जन्म दर्ता, १३ वटा मुत्यु दर्ता, १७ वटा विवाह दर्ता, ७ वटा सामाजिक सूरक्षा दर्ता तथा १ गुनाशो दर्ता गरी कुल २४२ वटा मात्र घटना दर्ता भएको देखिन्छ । पालिकाले लागत अनुमान तथा सुचना प्रकाशन गर्दा अनुमान गरको घटनाको तुलनामा २०.१७ प्रतिशत मात्र घटना दर्ता भएकोमा समेत उक्त प्रालिले सम्झौता अनुसार रु.५९२०००।०० भुक्तानी लिएको छ । • पालिकाले प्रति घटना दर्ता भए अनुसार भुक्तानी दिने तथा आवश्यक व्यवस्थपन खर्च दिने गरि सुचना प्रकाशन गरी सम्झौता गर्दा प्रति घटना लागत रु.५०० सम्म हुने तथा सोही आधारमा सम्झौता भएको अवस्थामा उक्त प्रलिलाई व्यवस्थापन शुल्क रु.६८१०७ तथा प्रति घटना रु.४३६.६७ का दरले उपरोक्त अनुसार २४२ घटना दर्ता वापतको रु.१०५६७३.३३ समेत रु.१७४३७४.३३ मात्र भुक्तानी हुने देखिन्छ । पालिकाले विनियोजित बजेट सबै खर्च हुने गरी एकमुष्ट लागत अनुमान तयार गरी सुचना प्रकाशन गरेको तथा सोही आधारमा भुक्तानी भएकोले पालिकालाई उक्त कार्यमा रु.४१७६२५.६७ थप व्ययभार परेको देखिन्छ । राष्ट्रीय पंजिकरण विभागले शुन्य घटना दर्ता हुने अवस्थामा समेत कार्यक्रम संचालन गर्न सकिने भनी परिपत्र गरे बमोजिम पालिकाले एकमुष्ट रुपमा सबै वडालाई हुने गरी सिलबन्दी दरभाउपत्रको माध्यमबाट कार्य गराएको पालिकाको भनाई रहेको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५			**निकासा रजिष्टर** पालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन पालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ ।	
५६			**शिक्षक अभिलेख** शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६ अनुसार शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुवाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले नियमाबलीमा व्यवस्था भए बमोजिमको शिक्षकको विद्यालयगत दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी विद्यालयगत शिक्षकको नामनामेसि सहितको अभिलेल अध्यावधिक नगरेको, स्थानीय तह भित्रका सार्वजनिक विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न अनुगमन गरी प्रतिवेदन तयार नगरेको कारण दोहोरो तथा दरबन्दी भन्दा बढी शिक्षकहरुको तलब निकाशा हुन सक्ने देखिन्छ । तसर्थ नियमाबलीको परिपालना गरि शिक्षक सम्बन्धी अभिलेखको उचित व्यबस्थापनमा ध्यान जानुपर्ने देखिन्छ ।	
५७			**शिक्षक तलबमा अनुदान** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका तथा विद्यालयले निजिश्रोतमा राखेको शिक्षकलाई संघ तथा प्रदेश सरकारको अनुदान तथा राजस्व बाँडफाँड रकमबाट बेहोर्ने गरी रु.५००२३३४ लाख तलब भत्ता निकासा गरेको पाईयो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८			**औषधी खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले ई विड गरी गोभौ ३१७ मिति २०७८।०३।२६ बाट रु.१४१३१६१ का औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः क) आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्नेमा सो सम्बन्धि कुनै व्यहोरा उल्लेख नभएको, औषधि खरिदको मुचुल्कामा औषधिको म्याद समाप्त हुने मिति उल्लेख भएकोमा जिन्सी दाखिलामा उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख नभएको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । ख) आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । ग) औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । घ) औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरुको जिम्मेवारी सारी जिन्सी किताबमा अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
५९			**स्वास्थ्य**	
५९.१			औषधी प्राप्ति, वितरण र मौज्दातको अभिलेख अद्यावधिक छैन । वितरित औषधी लक्षित समूहमा पुगे नपुगेको यकिन गर्न अभिलेख राखेको छैन ।	
५९.२			स्वास्थ्यकर्मी र कर्मचारीको विदा, अवकास र सरुवा अभिलेख अद्यावधिक छैन । अभिलेख व्यवस्थित गरी खर्च गर्नु पर्दछ ।	
५९.३			स्वास्थ्यकर्मी सेवाग्राही अनुपात बिश्लेषण गरेको छैन । अधिकांस स्वास्थ्यकर्मी करार सेवामा नियुक्त गरेको छ । प्रदेश लोसेवा आयोगमा स्वास्थ्यकर्मीहरुको माग पठाएको छैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०			**सामाजिक सुरक्षा कर** आयकर ऐन २०५८ को दफा ८७(१) मा प्रत्येक बासिन्दा रोजगारदाताले कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भूक्तानी गर्दा अनुसूची-१ बमोजिमको दरले भूक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था उल्लेख छ। तर यस सम्बन्धमा पालिकाले विभिन्न स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई गो.भौ.२५ र ६५५ बाट क्रमश रु.६८८१०० र रु.२८९४०० जम्मा रु.९७७५०० खर्च लेखेकोमा पारिश्रमिक भूक्तानी गर्दा लाग्ने न्यूनतम १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गरेको नपाईएकाले उक्त रकम सम्बन्धितबाट असुल गरी संघीय संचितकोषमा दाखिला हुनुपर्ने रु.	९,७७५
६१			**न्यायिक समिति बैठक भत्ता** नेपालको संविधान, २०७२ को धारा २१७ मा प्रत्येक स्थानीय तहमा उपाध्यक्ष\उप प्रमुखको संयोजकत्वमा ३ सदस्यीय न्यायिक समिति रहने व्यवस्था रहेको छ। त्यसैगरी बागमती प्रदेश सरकारले स्थानीय तहका पदाधिकारीको सेवा, सुविधा सम्बन्धमा बनाएको "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५" को अनुसूची-१ग मा न्यायिक समितिको संयोजक र सदस्यका लागि मात्र बैठक भत्ता दिन पाउने व्यवस्था उल्लेख छ।न्यायिक समिति संयोजक र सदस्यलाई प्रति बैठक रु.१२०० र रू.१००० दिनुपर्ने व्यवस्था भएतापनि कार्यालयले गो.भौ.५०३, ६२८ बाट रू.१५०० का दरले न्यायिक समिति सदस्य लगायत अन्य कर्मचारीलाई बैठक भत्ता वितरण गरेको छ। नियमानुसार भन्दा बढी भूक्तानी भएको तथा न्यायिक समिति सदस्य भन्दा फरक व्यक्तिले बुझेको उक्त बैठक भत्ता रकम सम्बन्धित बाट असुल हुनुपर्ने रु.	११२,४५५
६२			**बढी दरमा बैठक भत्ता** बागमती प्रदेश अन्तर्गत रहेका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१क मा गाउँपालिकाका सम्पूर्ण पदाधिकारीको बैठक भत्ता प्रति बैठक रु.१००० तोकिएको छ। पालिकाले विभिन्न पदाधिकारीको संयोजकत्वमा गठन भएको समितिको बैठक भत्ता बापत रु.१००० का दरले भूक्तानी हुनुपर्नेमा रु.१५०० का दरले भूक्तानी देखिएकाले बढी भूक्तानी रकम कर कट्टी पछि रु.४२५ का दरले(गो.भौ.५०२, ४४२, ४०२, ३७६, ३४०, ५७५, ६२६, ६८०, ७०४, कृषि-६ अनुसार) ६० जना पदाधिकारी तथा कर्मचारीबाट असुल गरी पालिका संचितकोषमा दाखिला गर्नुपर्ने रु.	५३२,९५०
६३			**अवकाश कोष खर्च**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६३.१			साविक बासखर्क गा.वि.स. कार्यालयमा सहायक चौथो तहमा कार्यरत मान ब. बोम्मजन समायोजन ऐन पछि यस स्थानीय तहमा समयोजन भएको र मिति २०७६ भाद्र १ मा राजिनामा दिएको कार्यालयको टिप्पणी आदेश बमोजिम संचित घर बिदा १८० दिन, संचित बिरामी बिदा १० वर्ष ५ महिना र औषधी उपचार खर्च २१ महिना बराबर रहेको भनि उल्लेख छ। सोही टिप्पणी आदेश बमोजिम कार्यालयले आ.व.०७६।७७मा कर्मचारी कल्याणकोषबाट घर बिदा, संचित बिदा, बिरामी बिदा बापतको भूक्तानी जम्मा रु.९४१६९८ र आ.व.०७७।७८ नपुग भनि रु.३५१८४३ गरी कुल रु.१२९३५४१ निज व्यक्तिलाई भूक्तानी भएको छ। साविक जिल्ला विकास समितिबाट नियुक्ति हुने कर्मचारीको अवकाश कोषको सम्बन्धमा सोही कार्यालयले नै अवकाश कोषको व्यवस्था गर्दै आईरहको सन्दर्भमा समायोजन भएका कर्मचारी श्री मान ब.बोम्जन सम्बन्धित कर्मचारीको स्थायी नियुक्ती पत्र, संचित घर, बिरामी तथा औषधि उपचार खर्चको सम्बन्धमा निजको विवरण यस स्थानीय तहमा नपठाएको। साथै निज कर्मचारीको नाममा के, कति अवकाश योगदान रकम साविक जिल्ला विकास समितिको अवकाश कोषमा जम्मा भएको रकम र अवकाशकोषको भूक्तानी पालिकाबाट नै दिनु भन्ने कुनै आधिकारीक पत्र प्राप्त नभएको सम्बन्धमा निजलाई दिएको भूक्तानी यथार्थ एवं दोहोरो भए-नभएको सम्बन्धमा यकिन गर्न नसकिएकाले साविकको जिल्ला विकास समितिको रुपमा तथा हालको जिल्ला समन्वय समितिको कार्यालय संग समन्वय गरी भूक्तानी दिएको रकम नियमानुसार भए-नभएको यकिन गरी नियमिति गर्नुपर्ने रु.	१,२९३,५४१
६३.२				१,२९३,५४१
६४			**कर्मचारी सुविधा**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६४.१			कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ ।स्थानीय तहले यो बर्ष कर्मचारीलाई रु ४५ लाख ८४ हजार ९९४ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाले प्रोत्साहन भत्ता सम्बन्धि कार्यबिधि बनाएता पनि कार्यबिधीमा हाजिरीलाईमात्र कार्यसम्पादनको आधार लिएको छ । हाजिर गर्दैमा कार्यसम्पादन उत्कृष्ठ हुने होईन। कोरोनाको कारण देखाई म्यानुअल हाजिरीको आधारमा बितरण गरिएको भत्तालाई कार्यसम्पादन प्रोत्साहन भत्ता भन्न मिल्ने देखीएन। कार्यबिबरण, कार्यक्षमता, काम प्रतिको उत्सुकता, सेवाप्रवाहमा निष्ठा, ईमान्दारीता, शिघ्रता लगायतको आधारहरु कार्यबिधिमा समावेश गरी सो बमोजिम कार्य सम्पादनको सूचकहरु निर्धारण गरेर मात्र भत्ता बितरण गर्नु पर्दछ । आर्थिक बर्ष २०७८।७९ बाट यस किसिमको भत्ता बितरण रोकिएको पालिका प्रमुखले जानकारी गराउनु भएको छ ।	
६४.२			कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ३८ जना कर्मचारीहरु करारमा राखी कार्यपालिकाको कार्यालयतर्फ रु. १ करोड १९ लाख ३१ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । सो बिपरीत पालिकाले सहायक स्तर चौथो देखि अधिकृत स्तर छैठौसम्म करारमा नियुक्ती गरेको छ । प्रदेश लोकसेवा आयोगमा रिक्त दरबन्दिको माग पठाई योग्यता प्रणालीको आधारमा कर्मचारी नियुक्ती गरिनु पर्दछ ।	
६४.३			कल्याण कोष – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाको कर्मचारी कल्याण कोषमा रु. ३५१८४३।०० रहेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्नु उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६४.४			निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. २ करोड ३९ लाख ६७ हजार खर्च लेखेको पाईयो ।	
६५			**मेसिन प्रयोग** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएको छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :	

भौ नं	उपभोक्ता तथा योजना	कार्य सम्पन्न रकम	भुक्तानी रकम	प्रयोग भएको मेसिन	मेसिनमा खर्च
५७	चिण्डे मन्दीगाउँ तथा कावाचेत खरुडाँडा सडक	४८१९५०	४७५०००	एक्साभेटर प्रयोग	५४००१००
१७१	बोलागाउँ साल्मे सेर्माथाङ्ग मोटरबाटो	४८१०००	४७५०००	एक्साभेटर प्रयोग	५०००००
६३	धुलेपाखो याङ्ग्रिखोर मोबा	९५००००	९५००००	एक्साभेटर प्रयोग	-
९१	भोटे नामलाङ्ग लप्से मोटरबाटो	७६००००	७६००००	एक्साभेटर प्रयोग	८२२०१८
२३०	डाले भञ्ज्याङ्ग सडक	६६५०००	६६५०००	एक्साभेटर प्रयोग	-
१९६	नागी डाँडा खेलकुद मैदान निर्माण	३८००००	३८००००	एक्साभेटर प्रयोग	३८००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६६			**ईन्धनमा दोहोरो भुक्तानी** सिन्धुपाल्चोक जिल्ला दररेट निर्धारण समितिले स्वीकृत गरेको दररेट को निर्णय नं ६ मा हेभी मेसिन प्रयोग हुने कार्यको भाडा दर नेपाल सरकार हेभी ईकुपमेन्ट डीभिजनले तोके अनुसार हुने व्यवस्था छ । पालिकाले सोही दररेटलाई आधारमानी स्थानीय दररेट निर्धारण गरेकोमा एक्साभेटरको दर ईन्धन सहित प्रति घण्टा	१,६९२,८१८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			रु.३५७० कायम गरेको छ । तर पालिकाले दर विश्लेषण गर्दा उक्त दररलाई ईन्धन बाहेको भनी ईन्धन वापतको दर थप गरी प्रति घनमिटर कार्यको दर कायम गरेको छ । उपभोक्ता समितिलाई लागत अनुमानकै दरमा भुक्तानी हुने भएकोले देहायको योजनामा निम्नानुसारको दरले बढि भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु....	

भौ नं	योजनाको नाम	कार्य	परिमाण	प्रयोग गरेको दर	प्रयोग गर्नुपर्ने दर	बढी दर	बढी भुक्तानी
६३	धुलेपाखो गाङ्ग्रीखोर मोटर बाटो	नरम माटो	३९०४	९६	६५	३१	121024
		नरम चट्टान	६९	१३८	९३	४५	3105
		कडा चट्टान	२६६	८७८	८३३	४५	11970
९१	भोटे नाम्लाङ्ग लप्से मोटर बाटो	नरम माटो	२६६९	९६	६५	३१	82739
		नरम चट्टान	१४२४	१३८	९३	४५	64080
		कडा चट्टान	३५६	८७८	८३३	४५	16020
१३८	खस्रे बालुवा कालोपाटी कृषि सडक	नरम माटो	३६७६	९६	६५	३१	113956
१३५	वडा कार्यालय जाने कालो ढुंगा मोड	नरम माटो	१३५७	९६	६५	३१	42067
१५१	पतेरी खोला खेत सिचाई कुलो मर्मत	नरम माटो	२४८८	९६	६५	३१	77128
१९६	नागी डाँडा खेलकुद मैदान	नरम माटो	४१६३	९६	६५	३१	129053
२३०	डाले भञ्ज्याङ्ग सडक	नरम माटो	२३२३	९६	६५	३१	72013
		नरम चट्टान	१२३९	१३८	९३	४५	55755
		कडा चट्टान	३०९	८७८	८३३	४५	13905

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
			२३४	लप्से बाल्खा कृषि सडक	नरम माटो	९९९	९६	६५	३१	30969	
					कडा चट्टान	४५९	८७८	८३३	४५	20655	
			प्र ह २४	तिपेनी भोटेनाम्लाङ्ग सडक	नरम माटो	१५६२	९६	६५	३१	48422	
			प्र ह २३	ईनद्रवती लार्के सडक	नरम माटो	६९७२	९६	६५	३१	216132	
					नरम चट्टान	५२९९	१३८	९३	४५	238455	
					कडा चट्टान	१६७३	८७८	८३३	४५	75285	
			सं ह १४	बैकल्पीक खेल ग्राम निर्माण	नरम माटो	३३६०	९६	६५	३१	104160	
					नरम चट्टान	२२५	१३८	९३	४५	10125	
					कडा चट्टान	३२४०	८७८	८३३	४५	145800	
				जम्मा						1692818	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६७			**विल भन्दा सामाग्री प्रयोग** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले निर्माण कार्यको प्राविधिक मुल्यांकन तथा निर्माण कार्यमा प्रयोग भएको सामाग्री खरिद गरेको विल भरपाई हरु सार्वजनिक भेलाबाट अनुमोदन गरि सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोभौ २०५ मिति २०७८।०२।०९ बाट भोताङ्ग स्वास्थ्य चौकी निर्माणका लागि उपभोक्ता समितिलाई रु.७ लाख ६० हजार भुक्तानी भएको छ । भुक्तानी श्रेस्तामma संलग्न कागजात परीक्षण गर्दा उपभोक्ता समितिले त्रिशक्ती तार जाली तथा पलाष्टीक अर्डर एण्ड सप्लायर्सको विल न् ५९ र ८३ बाट १.५*१*१ को ५३ थान र २*१*१ को ४५ थान गरि कुल १६९.५० घनमिटर जाली खरिद गरेको देखिन्छ । तर पालिका प्राविधिकले तयार गरेको प्राविधिक मुल्यांकन अनुसार उपभोक्ता समितिले १.५*१*१ को ४५ थान र २*१*१ को ५८ थान गरी कुल १८३.५० घनमिटर जालि प्रयोग गरेको देखिन्छ । उपभोक्ता समितिले खरिद गरेको भन्दा २४ घनमिटर बढी जाली भर्ने कार्य गरेको नापी किताब तथा पभोक्ता समितिको विल बाट देखिन्छ । खरिद गरेको भन्दा बढी जाली भर्ने कार्य हुन नसक्ने भएकोले प्रति घनमिटर रु.२४८८.७० का दरले २४ घनमिरमा रु.५९७२८.८० बढी भुक्तानी भएको छ । खरिद भन्दा बढी प्रयोग भएको भनी बढी भुक्तानी भएको असूल हुनुपर्ने देखिएको रकम रु.	५९,७२९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६८</td><td></td><td></td><td>
जटील संरचना
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकालेआर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका अन्य भवन, खानेपानी टंकी, विद्युतिकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरुमार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरुयसप्रकार रहेका छन् :
<table>
<tr><th>भौ नं</th><th>योजना तथा उपभोक्ता</th><th>कार्य</th><th>रकम</th></tr>
<tr><td>स ५</td><td>पेमाछाल उद्वान केन्द्र</td><td>विद्यतीकरणको कार्य</td><td>९८५०००</td></tr>
<tr><td>प्र स ५</td><td>नागी टासी छोलिङ्ग गुम्वा निर्माण</td><td>आर सीसी भवन निर्माण</td><td>१३८२७६०</td></tr>
<tr><td>२</td><td>ठेगालासा मन्दीर निर्माण</td><td>आर सीसी भवन निर्माण</td><td>१९०००००</td></tr>
<tr><td>पा ६०</td><td>मकालवेसी विद्युतिकरण</td><td>विद्यतीकरणको कार्य</td><td>७५००००</td></tr>
<tr><td>१५५</td><td>साविक वडा नं ७ र ८ खानेपानी</td><td>टंकी निर्माण</td><td>८०७३३२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>
सिमेन्टको प्रयोग
कार्यालयले देहायका योजनामा पि.सि.सिमेन्टको प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले पि.पि.सि.सिमेन्ट खरिद गरी प्रयोग गरेको मू.अ.कर बिजक समावेश गरेकोमा समेत कार्यालयले लागत अनुमानकै दरमा भुक्तानी गरेको छ । जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.८४० (मू.अ.कर बाहेक) र पि.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.७०० (मू.अ.कर बाहेक) रहेको छ । जसबाट एकातर्फ तोकिएको गुणस्तर बमोजिमको कार्य भएको छैन भने आर्कोतर्फ प्रति बोरा रु.१४० का दरले बढी भुक्तानी भएको छ । तोकिएको गुणस्तरमा कार्य नभएको अवस्थामा यसले निर्माण कार्यको दिगोपनामा असर गर्ने देखिन्छ । नमुना छनौट गरिएका तपसिल बमोजिमको योजनामा तोकिए भन्दा फरक गुणस्तरको निर्माण सामाग्रीको प्रयोग भएको अवस्थामा समेत लागत अनुमान कै दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.
</td><td>२९२,८८०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				भौ नं	योजना तथा उपभोक्ता	सप्लायर्स	पीपीसी सिमेन्ट बोरा	दर	बढी भुक्तानी		
				प्र ह २४	तिपाने भोटेनाम्दाङ्ग सडक	श्रीदेवी हार्डवेयर ६०६५१५९७७	७०	१४०	९८००		
				प्र सा २	ठेगालासा मन्दीर निर्माण	श्रीदेवी हार्डवेयर ६०६५१५९७७	२४०	१४०	३३६००		
				प्र सा ५	नागी टासी छोलिङ्ग गुम्बा	मनीष एण्ड आशिष ५००१५१७०७	२१०	१४०	२९४००		
				गापा ११	चिलाउने भनिने घोप्चेत सामुदायिक भवन	सन्तोष हार्डवयेर ३०४४४२५३९०	२२५	१४०	३१५००		
				१७	जुरान टोल नेवारी गुठी	नम्रता ट्रड एण्ड सप्लायर्स ६०३७२५४३०	१७०	१४०	२३८००		
				६८	फ्याफुल्ला सामुदायिक सेवा भवन	श्रीदेवी हार्डवेयर ६०६५१५९७७	१६०	१४०	२२४००		
				११९	मसानेपानी निर्माण साविक छ र चर्च निर्माण	श्रीदेवी हार्डवेयर ६०६५१५९७७	६०	१४०	८४००		
				१२०	सार्वजनिक शोचालय च्यानडाँडा र पहुना घर	नम्रता ट्रड एण्ड सप्लायर्स ६०३७२५४३०	८५	१४०	११९००		
				१७०	च्यानडाँडा पाटी निर्माण	मनीष एण्ड आशिष ५००१५१७०७	१४०	१४०	१९६००		
				१७४	जन्तरेटोल तथा दलित बस्ती सामुदायिक भवन	श्रीदेवी हार्डवेयर ६०६५१५९७७	१००	१४०	१४०००		
				१९३	साझकुलो मर्मत सिचाई	पाँचपोखरी सामाग्री सप्लायर्स ११३०७९७२०	१००	१४०	१४०००		
				१९७	सुन्दर टोल जोखिम न्युनिकरण तथा बटो मर्मत	मनीष एण्ड आशिष ५००१५१७०७	५२	१४०	७२८०		
				२२४	सुख दुख सामुदायिक भवन	सन्तोषी हार्डवयेर ३०२८६८७६०	१६०	१४०	२२४००		
				२३५	महायान बुदिष्ट सेवा समाज	श्रीदेवी हार्डवेयर ६०६५१५९७७	३२०	१४०	४४८००		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			जम्मा | २०९२ | १४० | २९२८८०	
७०			**बढी भुक्तानी** गोभौ १५१ मिति २०७७।१२।०५ बाट पतेरी खोला सिचाई कुलो मर्मत उपभोक्ता समितिलाई रु.१६४४०८ भुक्तानी दिएको छ । त्यसैगरी गोभौ ७९ मिति २०७७।१०।१२ बाट उक्त सिचाई कुलो निर्माणको लागि आवश्यक पर्ने निर्माण सामाग्री खरिद वापत उक्त योजनाको भुक्तानीबाट कट्टा हुने गरि श्री देवी हार्डवेयरलाई रु.५३१९३६ भुक्तानी दिएको छ । जसबाट उक्त योजनमा कुल रु.६९६३४४ भुक्तानी भएकोमा उपभोक्ता समितिले रु.६६१३४४ को मात्र कार्य गरेको देखिन्छ । जसअनुसार उपभोक्ता समितले कार्य गरेको भन्दा रु.३५००० बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.	३५,०००
७१			**नपाउने बैठक भत्ता** बागमती प्रदेश स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ अनुसार पदाधिकारीहरुले तोकीए बमोजिमको समितिहरु मात्र प्रति बैठक रु.१००० का दरले भत्ता पाउने व्यवस्था गरेको तथा कमर्चारीहरु विषयगत शाखाको मासिक बैठक वापत भत्ता पाउने व्यवस्था देखिदैन् । तर गोभौ ३२६ मिति २०७८।०३।२८ बाट पशु सेवा तर्फको मासिक बैठक वापतको पालिका प्रमुख सहित २ पदाधिकारी र ९ कर्मचारी गरि ११ जनालाई प्रति व्यक्ती रु.१५०० का दरले रु.७४८५० खर्च लेखेको छ । तसर्थ नियममा व्यवस्था नभएको समितिको बैठक भत्ता खर्च लेख्न नमिल्नेबाट खर्च लेखेको कर बाहेको रकम रु.६३६२२ असूल हुनुपर्ने देखिएको रु.	६३,६२२
७२			**खर्च नघटाएको** पालिकाले गोभौ ९ मिति २०७७।०६।२१ बाट स्वास्थ्य तर्फको तलब भत्ता खुद खर्च रु.३०८५६३ सहित रु.३११६८० खर्च लेखी म्यानुअल भौचर तयार गरेको छ । तर सोही भौचरलाई सुत्रमा प्रविष्टी गर्दा रु.३१११६८० गरेको कारण सुत्रले तयार गरेको भौचर तथा बैंक नगदी किताबमा सोही रकम नै प्रविष्ट भएको छ । जसअनुसार पालिकाले तयार गरेको सुत्रले देखाएको मौज्दात भन्दा बैंक मौज्दात रु.२८००००० बढी हुनुपर्ने देखिन्छ । अर्थात पालिकाले रु.२८००००० खर्च घटाएको नदेखिएकोले उक्त खर्च घटाएको प्रमाण पेश हुनुपर्ने देखिएको रु	२,८००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७३			**कृषि अनुदान** पालिकाको यस वर्षको वार्षिक कार्यक्रम अन्तरगत गाईको सना व्यवसायिक कृषि उत्पादन केन्द्र पाकेट विकास कार्यक्रमका लागि ५० प्रतिशत अनुदानका लागि न्युनतम ६० वटा उन्नत वा १०० वटा स्थानीय जातको गाई तथा दैनीक १००० लिटर दुध उत्पादक भएको कृषक तथा कृष समहुले प्रस्ताव पेश गन सक्ने गरी सचुना प्रकाशन गरेको छ । सोही अनुसार गोभौ ३०९ मिति २०७८।०३।२५ बाट छनौट भएको थाङ्गपाल कृषि फमलाई .२३५०००० एकष्मुट अनुदान दिएको छ । यस सम्बधमा देखिएको व्यहोराहहरु निम्नानुसार रहेका छन् ।	
७३.१			कृषि फर्मले रु.१७५५००० का २७ वटा गाई खरिद गरेको भनेकोमा निगजको गवठमा जम्मा ६ वटा मात्र गाई देखिएको प्रतिवेदन समावेश भएकोले निजले पेश गरेको विल अनुसार गाई खरिद गरेको छ भन्न सकिने अवस्था रहेन	
७३.२			श्रेस्तामा संलगन कागजातहरु परीक्षण गर्दा उक्त कृषकले ३० वटा स्थानीय वर्ण शंकर जातको गाई भएको भनी प्राप्त पेश गरेकोमा ६० वटा थप गाई खरिद गर्ने प्रस्ताव पेश गरेको छ । तर पालिकाले भुक्तानीको लागि गरेको स्थलगत निरीक्षणमा उक्त फर्मको गोठमा ६ वटा मात्र गाई रहेको र २४ वटा गाई खरिद प्रकृयामा रहेको तर मेलम्ची खोलामा आएको बाढीको कारणखरिद कार्य प्रभावित भएको कृषिकको भनाई भनी प्रतिवेदन दिएको देखिन्छ । सुचना अनुसार २० वटा गाई नभएको कृषि कृषि फर्म छनौट गर्न नमिल्नेमा छनौट गर्नुको कारण स्पष्ट हुन सकेन ।	
७३.३			उक्त कृषिकले ६० वटा गाई खरिदमा रु.३६ लाख तथा गोट व्यवस्थापनमा रु.३० लाख खर्च लाग्ने र पालिकाले गाई खरिदमा रु.१५ लाख र गोठ व्यवस्थापनमा रु.१० लाख गरी रु.२५ लाख अनुदान उपलब्ध गराउने गरी प्रास्ताव पेश गरेको छ । तर श्रेस्तामा संलगन विल भरपाई तथा नापि किताब अनुसार उक्त फर्मले रु.२०१७८३० को गोठ निर्माण कार्य गरेकोमा प्रस्व अनुसार रु.६७२६१० मात्र र रु.१७५५००० को गाई खरिद गरेकोमा रु.७३१२५० गरी रु.१४०३८६० मात्र भुक्तानी पाउनेमा रु.२३५०००० भुक्तानी पाएकोले रु.९४६१४० बढी भुक्तानी भएको देखिन्छ। तसर्थ बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु	९४६,१४०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७४			**कर समायोजन पत्र** आर्थिक ऐन, २०७६ को मिति २०७६।२।१६ देखि आर्थिक ऐन,२०७८ को मिति २०७८।०२।१५ सम्मको व्यवस्था अनुसार सरकारी कार्यालयले ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने र २०७८।०२।१६ बाट भएको भूक्तानीमा भने मू.अ.कर रकमको ३०% कर सम्बन्धीत राजस्व शीर्षकमा कट्टि गरी बाँकी ७०% सम्बन्धित फर्मलाई भूक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाको निम्न मिति, गो.भौबाट विभिन्न फर्महरुलाई सम्झौता गरी भूक्तानी गर्दा प्राप्त बिलमा मू.अ.कर समावेश भएतापनि नियमानुसार मू.अ.कर कट्टी गरेको नपाईएकाले उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.	५१,७०७

गो.भौ.-मिति	जम्मा भूक्तानी	भ्याट रकम	कट्टी गर्नुपर्ने भ्याट रु.(५०%, ३०%)	फर्मको नाम
६५७-०७८।३।२३	११०००००	१२६५४८	३७९६४	हिमालयन म्याप हाउस प्रा.लि
७४८-०७८।३।३०	३९८२००	४५८१०	१३७४३	असिष्टा ईन्जिनियरिङ

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७५			**विपद् व्यबस्थापन कोष** **(क)** प्राप्त विबरण अनुसार विपद् व्यबस्थापन कोषको आम्दानी र खर्च निम्न अनुसार रहेको छ ।	४२,९४०

आम्दानीको स्रोत	रकम	खर्च शिर्षक	रकम
स्थानीय तह आफ्नै बजेट	४२८९१९८।२०	आर्थिक सहायता	६४९३७०।
मेलम्ची खानेपानी	१५००००००।	मोटरबाटो मर्मत	४७५२०।
संघीय सरकारबाट	१००००००।	ईन्धन	२६०१८६।६८
आन्तरिक स्रोत	१०२००००।	पूल निर्माण	२००००।
काठमाण्डौं महानगरपालिका	५००००००।	सवारी भाडा	१४०००।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम

		सडक मर्मत	२१४९७९०।३२
		पारीश्रमिक	४६२०२८।
		विपद् व्यबस्थापन पुँजिगत सुधार तथा आपतकालिन मर्मत संभार	७४०२१७७।९२
		औषधि खरिद	५२०९७१।
		विविध खर्च	८६३९८।
		बैंक मौज्दात	१४७५७७५६।२८
जम्मा	**२६३०९१९८।२०**		**२६३०९१९८।२०**

उपरोक्त विबरण सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार रहेको छ।

(ख) आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली, २०७७ को दफा ३९ मा सरकारी खर्चको भुक्तानीमा खर्चलाई पुस्टी गर्ने वील भर्पाई र प्रमाण कागजात संलग्न हुनु पर्ने व्यबस्था छ ।पालिकाले निम्न भौचर नं र मितिमा विभिन्न खर्च भुक्तानी गर्दा वील भर्पाई भन्दा बढी भुक्तानी गरेको देखियो । नियम बिपरीत बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनु पर्ने रु

भौचर नं र मिति	विबरण	रकम	कैफियत
२८ २०७७।६।२७	विभिन्न स्थानमा खानेपानी व्यबस्थापन,कार्यालय सुरक्षा पोस्ट निर्माण	३०००।	बील भर्पाई भन्दा बढी भुक्तानी
२०७८।३।२१	वडा नं २ याङ्ग्रीमा भएको क्षतिको कारणले विस्थापितलाई नगद राहत वितरण गर्ने कार्य	३९९४०।	राम प्रसाद न्यौपानेको बढी पेश्की फछ्र्योट भएको
	जम्मा	**४२९४०।**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७६			**कर विजक** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ (१) मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ती,फर्म,संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यबस्था छ ।साथै मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्मसंग तोकिएको ढाँचाको कर बिजक लिई खरिद गर्नु पर्ने व्यबस्था छ ।पालिकाले विपद् व्यबस्थापन कोषको भौचर नं ५४ मिति २०७८।२।२४ मा बाटो मर्मत कार्यका लागि सामान खरिदको भुक्तानीमा श्रीदेवी हार्डवेयरको मिति २०७७।८।२७ को विजक नम्बर केरमेट गरी हातले लेखेको देखियो । तसर्थ रीत बेगरको मुल्य अभिबृद्धि कर भुक्तानीको कर समायोजन पेश हुनु पर्ने रु ३३०३५।	३३,०३५
७७			**प्रकोप व्यबस्थापन कोष** **कोभिड १९ कोष ः** **(क)** विश्व माहामारीको रुपमा फैलिएको कोभिड १९ लाई नियन्त्रण तथा रोकथामका लागि अर्थमन्त्रालयको च नं ६९४,२०७६।१२।२१ को पत्र अनुसार प्रत्येक स्थानीय तहमा कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोष स्थापना गरी सोही कोषबाट खर्च गर्नु पर्ने व्यबस्था छ ।पालिकाले उपरोक्त अनुसारको कोष स्थापना नगरी स्थानीय प्रकोप व्यबस्थापन खर्च गरेको देखियो । प्राप्त विबरण अनुसार प्रकोप व्यबस्थापन कोषको आम्दानी र खर्च निम्न अनुसार रहेको छ ।	२९,०६३

आम्दानी स्रोत	रकम	खर्च शिर्षक	खर्च रकम
स्थानीय तह आफ्नै बजेट	१००१२३४०।	क्वारेन्टाईन होल्डिङ सेन्टर निर्माण	४८७७२०।
आन्तरिक स्रोत	१०७७७४४।	जनसक्ति परीचालन तथा तथ्यांक संकलन	१८८६२९।
अन्य आम्दानी र सहयोग	२५००००।	औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री	३३४०५९९।
		जोखिम भत्ता	३०८५८९।
		गाडी भाडा ईन्धन	४०००००।
		मेसेनरी औजार	५१७०००।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम

		क्वारेन्टइन मर्मत तथा सम्भार खर्च	१०५००१८।
		राहत उद्धार तथा पुनस्थापना खर्च	१००००००।
		विविध खर्च	६०००००।
		क्वारेन्टाईन पानी तथा विजुली	१९८१४९।१४
		औषधि उपचार खर्च	२८५६२७।
		क्वारेन्टाईन विविध खर्च	४३११२६।
		बैंक मौज्दात	२५३२६२६।८६
जम्मा	**१,१३,४०,०८४।**		**१,१३,४०,०८४।**

(ख)आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली, २०७७ को दफा ३९ को १० मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल ,भर्पाई र कागजात भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यबस्था छ ।पालिकाले निम्न भौ न र मितिमा खर्च भुक्तनी गर्दा बील भर्पाई भन्दा बढी भुक्तानी गरेको देखियो । खर्चसंग सम्बन्धित वील भर्पाई भन्दा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनु पर्दछ ।

भौचर नं. र मिति	विबरण	कैफियत
२, २०७८।८।२५	स्वास्थ्य उपचारका लागि सवारी साधन भाडामा लिई परिचालन	सम्झौता भन्दा बढी भुक्तानी रु१३,२६६।
३५, २०७८।२।२०	तीपेनी क्वारेन्टाईन व्यबस्थापन खर्च	वील भर्पाई भन्दा बढी भुक्तानी रु ९,९६८।
५३, २०७८।३।२२	स्वास्थ्य औषधि खरिद	वील भर्पाई भन्दा बढी भुक्तानी रु५,८२९।
जम्मा		**२९,०६३।**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७८			**पुँजी परिचालन कार्यक्रम** पालिकाले स्वः आय आर्जन र उत्पादन प्रकृयामा चासो तथा अग्रसरता देखाउने नागरिकलाई मुल पुँजी ननासिने गरी पुँजीको दिगो, व्यवस्थित र चक्रिय परिचालनको माध्यमबाट लगानीको अवसर जुटाई नागरिकको जीवनस्तर सुधार ल्याउनका लागि पुँजी परिचालन कार्यक्रम संचालन ल्याएको छ। सो कार्यक्रम 'आय आर्जनको लागि पुँजीको दिगो, चक्रिय र व्यवस्थित परिचालन गर्न बनेको कार्यविधि २०७७' अनुरुप संचालनमा आएको पालिकाले जनाएको छ। स्वीकृत कार्यविधि अनुरुप आ.व.०७७।७८ मा पालिकाले ४ वडा कार्यालय अन्तर्गतका सहकारी संस्थासंग सम्झौता गरी सहकारी संस्था मार्फत नागरिकलाई पुँजी उपलब्ध गराएको छ। आ.व.०७७।७८ मा यस कार्यविधि अनुरुप पुँजी उपलब्ध गराईएका संस्थाहरु. क. सुपरिचित साना तथा किसान कृषि सहकारी संस्था लि., वडा नं.८- रु.११७५८८५ ख. थाङ्पालधाप साना किसान कृषि सहकारी संस्था लि. वडा नं.६- रु.१६१७८१६ ग. आमायाङ्ग्री कृषि सहकारि संस्था लि. वडा नं.२-रु.११३८२६७ घ. रक्तमालादेवी बहुउद्देशीय सहकारी संस्था -रु.१३५९३०२ यसरी पालिकाले आ.व.०७७।७८ मा ४ वटा सहकारी संस्थालाई जम्मा रु.५२९१२७० बीउ पुँजीको रुपमा उपलब्ध गराएको छ। कार्यविधिको बुदा नं.१२ मा रकम प्राप्त उद्यमीले रकमको दुरुपयोग गरेमा, तोकिएको समयभित्र रकम चुक्ता नगरेमा पालिकाले दिने सबै सेवा, सुविधा स्थगन गर्ने, बुदा नं.१४ मा लगानी रकमको सम्बन्धित सहकारीले नियमित अनुगमन गर्ने र वार्षिक प्रतिवेदन आ.व. समाप्त भएको ३ महिना भित्र पेश गर्नुपर्ने व्यवस्था उल्लेख छ। तर सम्बन्धित सहकारीले संचालित कार्यक्रमको वार्षिक प्रतिवेदन पेश गरेको नदेखिएको हुदा नियमानुसार प्रतिवेदन पेश गर्ने र पालिकाबाट प्रतिवेदन अनुरुप वितरण गरिएका पुँजीको सही सदुपयोग भए-नभएको सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।	५,२९१,२७०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७९			**डोजर भाडामा लिई निर्माण कार्य** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु.५ लाख सम्मको मालसामान, निर्माण कार्य, परामर्श सेवा खरिद गर्न सकिने, सोही नियमको १(ख)मा तर एक आर्थिक वर्षमा सोही फर्म, कम्पनी, संस्था संग कार्यालयले एकै पटक वा पटक-पटक गरी सीमा भन्दा बढी मालसामान, निर्माण कार्य, परामर्श सेवा खरिद गर्न नसकिने कुरा उल्लेख छ। त्यसैगरी सार्वजनिक निकायले खरिद कार्य गर्दा प्रतिस्पर्धालाई सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था विपरीत पालिकाले निम्न गो.भौ.बाट डोजर भाडामा लिई एउटै निर्माण व्यवसायीबाट सोझै निर्माण कार्य गराएको नियमसंगत देखिएन। गो.भौ. / योजना / भूक्तानी रकम / भक्तानी पाउने १२७ / खाल्डे खोला हाडी खोला सडक मर्मत / ४६३५२५ / सिन्धु निर्माण सेवा १८६ / विभिन्न सडक मर्मत / ६७८९८९ / सिन्धु निर्माण सेवा	१,१४२,५१४
८०			**विभिन्न खेलकुद प्रतियोगिता** स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहको क्षेत्राधिकार स्थानीय कला, संस्कृति, पर्यटन तथा खेलकुद प्रवर्द्धन आदि सम्बन्धी कार्य रहको छ। यस सम्बन्धमा पालिकाले विभिन्न खेलकुद प्रतियोगिता आयोजना अन्तर्गत पाँचपोखरी अन्तरपालिका फुटबल प्रतियोगता, कराते प्रतियोगिता, क्रिकेट प्रतियोगिता, भलिबल प्रतियोगिता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरुलाई प्रोत्साहन तथा पुरस्कार खर्च शिर्षकबाट कुल रु. १७ लाख ३२ हजार खर्च भएको छ। यस सम्बन्धमा पालिकाले अन्तर पालिकास्तर तथा पालिका भित्र विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्दा मुख्यतः पालिकाको खेलकुद विकास समितिबाट यस्तो कार्यक्रम आयोजना हुने र खर्च गरिने, त्यसैगरी खेलकुद प्रतियोगिताका लागि वडागत रुपमा खेलकुद जर्सी, खेलकुद सामाग्री एवं खाना, खाजा खर्च आदि बापत सहायता खेलकुद क्लबलाई भूक्तानी हुने देखिएकाले पालिकाको खेलकुद विकास समितिको खर्च र वडाको खर्चमा दोहोरोपना हुन सक्ने देखिएकाले एउटै कार्यक्रम र एउटै खेलकुद क्लबलाई खर्चमा दोहोरोपना नहुने गरी स्वीकृत कार्यविधिको आधारमा यस्तो खर्च लेख्नुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८१			**भूक्तानी दिन बाँकीको विवरण** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ मा उल्लेखित खर्च शिर्षकमा चालु वर्षको बजेटले नखामेको, खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र प्रमाणित गरी राख्नुपर्ने व्यवस्था उल्लेख छ। कार्यालयले आ.व.०७६।०७७ को भूक्तानी दिन बाँकी दायित्वको रुपमा आ.व.०७७।७८ पुँजीगत खर्च केही योजनाहरु आ.व.०७७।७८ को नीति तथा कार्यक्रममा समावेश गरेतापनि चालु खर्च शिर्षक अन्तर्गतका खर्चको भूक्तानी दिन बाँकीको विवरण तयार नगरी विभिन्न गो.भौ.बाट कर्मचारी प्रोत्साहन सुविधा, घरभाडा आदि बापतको भूक्तानी गरेको छ। यसरी चालु भूक्तानी दायित्व सम्बन्धमा सोको खर्च समर्थन समेत पालिकाबाट नगरी आ.व.०७७।७८ मा विनियोजित नियमित खर्च शिर्षकबाट खर्च गरिएको देखिएकाले कार्यालयले नियमानुसार खर्च शिर्षक, नाम-नामेसी खुल्नेगरी भूक्तानी दिन बाँकीको विवरण तयार तथा प्रमाणित गरेर मात्र भूक्तानी दिन बाँकीको दायित्व आगामी वर्ष सारी सोही अनुरुप खर्च भूक्तानी गर्नुपर्दछ।	
८२			**पहिरो सफाई** मिति २०७७। ०५।०८को निर्णय नं १३ मा पालिका भित्रका ८ वटै वडाका मुख्य सडक तथा सहायक सडकहर मर्मत संभारकाको कार्य गरी सुचारु गर्न प्रतिस्पर्धाको माध्यम बाट गर्ने उल्लेख छ । पालिकाले सोही निर्णयको आधारमा ८ वडाका २६ वटा सडकहरु सफा गर्न पटके निर्णयबाट प्रति घण्टा रु.५५०० को दर तोकी भनी ९०० घण्टाको लागि भाडामा लिने भनी २०७७।०५।०७ मा शिलबन्दी दरभाउपत्रको १५ दिने सुचना प्रकाशन गरेको छ । सोही सुचना अनुसार सिन्धु निर्माण सेवाले यस वर्ष गोभौ ३५ मिति २०७७।०७।१९ बाट रु.१५०१०९२, गौभो नं ४२ मिति २०७७।०८।१२ बाट रु.४४९००० र गोभौ नं ९८ मिति २०७७।११।०९ बाट रु.११६०४८२.८८ समेत कुल रु.३०७७५७४ र स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमको गोभौ नं ६ मिति २०७८।०३।२४ बाट रु.१५००००० भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्नानुसार रहेका छन् ।	
८२.१			त्यसैगरी गोभौ १९ मिति २०७७।६।११ बाट तिपेनी गाईपाईले गुफाडाँडा हाडीखोला बैकल्पीक मार्ग सफाई तथा मर्मत गरेको ईन्धनबाहेक प्रति घण्टा रु.४३०० का दरले जुगल हिमशिखर निर्माण कन्ट्रकसनलाई रु.६५१७५८।०० भुक्तानी दिएकोमा पालिकालाई थप व्ययभार परेको रकम यकिन गर्न सकिएन। तसर्थ उक्त कार्यमा बढी भुक्तानी भएको रकम यकिन गरी असूल गरेको प्रमाण पेश हुनुपर्ने देखिएको रु.	६५१,७५८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८२.२			सार्वजनिक खरिद ऐनको दफा ५ मा कुनै पनि निर्माण कार्यको लागत अनुमानत तयार गर्नुपर्ने व्यवस्था छ । साथै सोही दफामा निर्माण कार्यको हकमा जतिसुकै रकमको भएतापनि लागत अनुमान तयार गर्नुपर्ने र निर्ममाण कार्य बाहेकमा रु.१ लाख भन्द माथिको अनिवार्य रुपमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सडकहरु सफा गर्ने दररेट माग सहितको सुचना प्रकाशन गरेकोमा के कति परिमाणमा निर्माण कार्य गर्नुपर्ने सो सम्बन्धी उल्लेख नगरी दैनीक ८ घण्टाको दरले ९०० घण्टा कार्य गर्नुपर्ने भनी सुचना प्रकाशन गरी सोही आधारमा श्री सिन्धु निर्माण सेवासँग सम्झौता गरी कार्य गराएको छ ।	
८२.३			सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक तथा सडक संचरना निर्माणका लागि नेपाल सरकार मन्त्रीपरिषदबाट मिति २०७५।०४।२५ मा नर्म्स स्वीकृत गरेको छ । उक्त नर्म्सको ९०० नं मा सडक तथा सडक संरचना निर्माणमा खन्ने कार्य प्रति घनमिटर दर निर्धारण गर्न लाग्ने मिस्त्री, ज्यामि तथा मेसिन उपकरणको के कति लाग्छ सो तोकीएको छ । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बसेको जिल्ला दररेट समितिको निर्णय नं ६ मा हेभी मेसिन प्रयोग हुनेमा नेपाल सरकार सडक विभाग अन्तरगतको हेभी ईक्युपमेन्ट डीभिजनले तोकेअनुसार भाडा दर प्रयोग गर्ने उल्लेख छ । हेभी ईक्युपमेन्ट डिभिजनले ईन्धन सहित एक्साभेटरको प्रति घण्टा भाडादर रु.३५७० कायम गरेको छ । जस अनुसार ईन्धन सहित प्रति घनमिटर रु.६८ तथा ईन्धन बाहेक रु.४४ मात्र हुन आउने देखिन्छ । श्रेस्ता चेनेज तथा लोकेशन नखुलेको तथा एकुमष्ट परिमाण मात्र उल्लेख भएको नापी किताब तथा सिन्धु निर्माण सेवाले जारी गरेको कर विजक अनुसार प्रति घनमिटर रु.५७.८५ का दरले भुक्तानी लिएको देखिन्छ । पालिकाले सुचना प्रकाशान गर्नुपूर्व सार्वजनिक खरिद नियमावली अनुसार लागत अनुमान तयार नगरी घण्टामा सुचना प्रकाशन गरेको कारण पहिरो सफा गर्ने कार्यमा मात्र प्रति घनमिटरमा लागत अनुमानको तुलनामा रु.१४ ले व्ययभार परेको छ ।	
८२.४			गौभौ ३५ मा समावेश प्राविधिक मुल्यांकन अनुसार सिन्धु निर्माण सेवाले पहिरो सफा गर्ने कार्य २२९६२ घनमिटर र गोभौ ९८ को २१०८४ समेत कुल ४४०४६ घनमिटरमा मात्र प्रति घनमिटर रु.१४ का दरले रु.६१६६४४ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ ऐन अनुसार लागत अनुमान तयार नगरि घण्टामा कार्य गराएको कारण कार्य नभई एक वडा देखि अर्को वडा सम्मको एक्साभेटर जाँदाको समेत रकम भुक्तानी नभएको भन्न सकिने अवस्था रहेन । तसर्थ खरिद ऐन तथा नियमावलीको पालना नगरी निर्माण कार्य गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई उपरोक्त अनुसार बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु	६१६,६४४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८२.५			पालिकाले उपरोक्त अनुसार प्रति घण्टामा पहिरो सफा गर्ने गरि सुचना प्रकाशन गरेकोमा ८ वडाका २६ सडक सफाई गर्न एक वडा तथा सडक बाट अर्को सडक सम्म समेत एक्साभेटर हिडेको अवस्थामा पनि ईन्धन खपत हुने र पालिकाले एक्साभेटर चलेको अन्तीम मिटरबाट सूरु मिटर रिडीङ्ग घटाई कुल कार्य गरेको घण्टा गणना गरेको छ । जसअनुसार सडक सफा गर्ने कार्यको लागि मात्र भनी विभिन्न भौचर तथा शिर्षकबाट रु.३७१०७८३ खर्च भएको देखिन्छ । तसर्थ उक्त ईन्धन खर्च भएको रकम सबै सडक सफाई कार्यमा भएको हो भन्न सकिने अवस्था समेत नदेखिएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम खर्च लेख्न नमिल्ने देखिएको रु.	३,७१०,७८३
८३			**अन्य व्यहोराहरु**	
८३.१			खाना तथा विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र खर्च शिर्षक नम्बर २२७११ बाट रु. १८ लाख ८३ हजार खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
८३.२			आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले बिभिन्न २३ व्यक्ति एवं संघ संस्थालाई रु ९ लाख ९८ हजार आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८३.३			विपद् व्यवस्थापन कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहर गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
८३.४			सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।	
८४			**स्थलगत निरिक्षण**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८४.१			गुन्सा संग्रालय भवन निर्माणमा पालिकाले आर्थिक बर्ष २०७६।७७ मा रु २५ लाख १६ हजार १०९ खर्च गरेको कार्य सम्पन्न प्रतिबेदनबाट देखिन्छ ।उक्त भवनको स्थलगत अवलोकन गर्दा संग्रालय सञ्चालनमा आएको देखिएन। संग्रालयको प्रयोजनको लागि भनि निर्माण गरिएको भवनमा संग्रालय सञ्चालन नगरी दाउरा भण्डारण गरेको देखियो। भवन निर्माण गर्नुपुर्वनै तयार गर्नु पर्ने डिपिआर भवन निर्माणको कार्य सम्पन्न भए पछि आर्थिक बर्ष २०७७।७८ मा तयार गरी रु ४ लाख ९६ हजार खर्च लेखेको छ । भवन निर्माण पश्चात डिपिआर तयारीमा खर्च लेखेको रकम असूल गर्नु पर्दछ ।	४९६,०००
८४.२			आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(३) मा प्रस्तावित वजेट तथा कार्यक्रमको क्षेत्रगत लक्ष्य तथा उपलब्धी, सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणिय अध्ययन, विस्त्रित अध्ययन, नर्मस तथा ड्रईङ डिजाईन सहित आयोजना स्विकृति सम्बन्धी कागजात, जग्गा प्राप्ती, आयोजनाको समय तालिका, खरिद गुरुयोजना, बार्षिक खरिद योजना तथा आयोजनाको अपेक्षीत प्रतिफलको बिषयमा प्रतिबेदन तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले खलङगा नागिडाडा मोटरबाटो निर्माणमा रु ५६८९३९।०० खर्च गरेको छ । पर्यटकियस्थल नागिडाडा जान पहिलेनै अर्को बाटो बनिसकेको अवस्थामा वन क्षेत्रबाट संभाव्यता अध्ययन र डिपिआर प्रतिबेदन बेगर पुनः अर्को बाटो निर्माण गर्नु उचित देखिएन । ईन्जिनियरको ड्रईङ डिजाईन बेगर खनिएको बाटो नियमित सवारी सञ्चालनको लागि सुरक्षित समेत देखिएन । जंगलको बिचबाट खोलिएको उक्त नयाँ बाटोको ट्रयाकमा कटान गरिएका रुखहरु बिवोक्यूमा खुलाईएको छैन । यस बिषयमा छानबिन गरी बन ऐन, २०७२ बमोजिमको कारबाहि र बृक्षारोपण गर्नु पर्दछ ।	
८४.३			आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(३) मा प्रस्तावित वजेट तथा कार्यक्रमको क्षेत्रगत लक्ष्य तथा उपलब्धी, सम्भाव्यता अध्ययन	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्रतिवेदन, वातावरणिय अध्ययन, विस्त्रित अध्ययन, नर्मस तथा ड्रईङ डिजाईन सहित आयोजना स्विकृति सम्बन्धी कागजात, जग्गा प्राप्ती, आयोजनाको समय तालिका, खरिद गुरुयोजना, बार्षिक खरिद योजना तथा आयोजनाको अपेक्षीत प्रतिफलको बिषयमा प्रतिबेदन तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाको एक वडा एक खेल मैदान कार्यक्रम अन्तरगत खेल मैदान निर्माणमा भएको खर्चहरु परीक्षण गर्दा निर्माण कार्य गर्नुपूर्व EIA र IEE गरेको देखिएन । खेल मैदान निर्माणको लागि बिस्त्रित सम्भाव्यता अध्ययन गरेको समेत देखिएन । बिस्त्रित संभाव्यता अध्ययन बेगर योजनाको कार्यान्वियन गर्दा कुल लागत र निर्माण सम्पन्न हुने समय यकिन नहुने, खरिद बिधि छनौट गर्न कठिनाई हुने सम्स्या रहेको देखियो । पालिकाले निर्माण गरेका बिभिन्न खेल मैदानहरु मध्ये वडा नम्बर ५ मा रहेको घुन्सा खेल मैदानमा रु २८ लाख ५० हजार खर्च भएको छ । उक्त कार्यको स्थलगत अवलोकन गर्दा जटिल भूवनोटमा रहेको निर्माण कार्य अधुरो रहेको , निर्माण सम्पन्न हुने अवधि अनिश्चित रहेको, बाँकि कार्य सम्पन्न गर्न लागत यकिन नभएको, श्रोत शुनिश्चित नभएको देखियो । तसर्थ डिपिआर तथा श्रोत शुनिस्चित गरेरमात्र योजना कार्यान्वियन गर्नु पर्दछ ।	

भौचर नं	योजनाको नाम	वडा नम्बर	यस बर्षको खर्च रकम
१०	गुन्सा खेल मैदान	५	२८५००००।००
१२	पेमाथाङ खेलग्राम	४	३८००००००।००
३, १९	देबिथान खेल मैदान भोटेनाम्लाङ	७	२८५००००।००
१४	बैकल्पिक खेलग्राम लागर्चे कोटगाउ	८	२८५००००।००
	जम्मा		१२३५००००।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८५			अनुगमन तथा संपरीक्षण	

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

आर्थिक वर्ष	बेरुजूको दफा नं	फछ्यौंटको संक्षिप्त व्यहोरा	फछ्यौंटको आधार			
			असुली	प्रमाण	नियमित	पेश्की
२०७५।७६	४	धरौटी खातामा जम्मा गरेको प्रमाण पेश	०	९१८३७५	०	०
२०७५।७६	४९	नर्म्स भन्दा बढी रकम असूल गरी बेरुजू दाखिला गरेको प्रमाण पेश	४८००	०	०	०
२०७५।७६	३५	मिति २०७७।०९।०५ को सभाबाट खर्च रकम सहित निर्णय अनुमोदन भएको प्रमाण पेश	०	०	१२९८९१६	०
२०७४।७५	२३	मिति २०७७।०९।०५ को सभाबाटनियमित भएको प्रमाण पेश	०	०	३४६३४८५	०
२०७४।७५	२०	मिति २०७७।०९।०५ को सभाबाटनियमित भएको प्रमाण पेश	०	०	८१०९८१	०
२०७४।७५	१८	मिति २०७७।०९।०५ को सभाबाटनियमित भएको प्रमाण पेश	०	०	४००००	०
२०७५।७६	४४	आईसीटी ल्याब पुस्तकालय र विज्ञान प्रयोगशालाको पालिकाबाट भएको अनुगमन प्रतिवेदन पेश	०	३२५००००	०	०
२०७५।७६	४०	नगरिकता नं उल्लेख गरी बैंक विवरण तथा एमआईएसमा प्रविष्टी गरेको प्रमाण	०	५८४००	०	०
२०७३।७४	१३	जनजाति कार्यक्रम पेश्की असूल भएको	१००००	०	०	०
२०७४।७५	१९	जिप दुर्घटना भएको तथा उक्त समचार प्रकाशित भएको र पालिकाले राहात वितरण गरेको प्रमाण	०	२६००००	०	०
२०७५।७६	४८	बढी निकासा भएको रकम असूल गरेको प्रमाण पेश	२२०५०	०	०	०
२०७५।७६	४७	बढी निकासा भएको रकम असूल गरेको प्रमाण पेश	५५९५	०	०	०
२०७५।७६	४९	बढी ग्रेड रकम असूल गरेको प्रमाण पेश	३७६५	०	०	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			जम्मा	४६२१०	४४८६७७५	५६१३३८२	०		